का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० असार २०८१,
आइतबार
14 July 2024,
Sunday
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक




# बिना दोषको सजाय भोग्दै प्रदेश

मुलुक संघीय शासन प्रणालीमा छ, तर राजनीतिक दलहरु एकात्मक शासन प्रणालीकै मानसिकतामा रहँदा केन्द्रमा फेरिने समीकरणले प्रदेश सरकार अस्थिर हुँदै आएका छन् । यसले संघीयताको आभास नै गराउन नसकेको सरोकारवालाहरु बताउँछन् ।























**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ असार ।

नेपाली कांग्रेस, नेकपा एमाले र नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीको राजीनामा माग गरेका छन् । प्रदेशमा कुनै समीकरण फेरिने वा सोडारीको अयोग्यताका कारण राजीनामा मागिएको होइन । संघीय सरकारमा सत्ता समीकरण फेरिएसँगै नयाँ गठबन्धनमा आबद्ध भएका राजनीतिक दलहरुले सोडारीको राजीनामा मागेका हुन् ।

सोडारी गत वैशाख ६ गते मुख्यमन्त्री भएका थिए । सोडारी अगाडि सुदूरपश्चिममा मुख्यमन्त्री कमलबहादुर शाह थिए । संघमा कांग्रेस र माओवादीको समीकरणमा मुख्यमन्त्री भएका शाह एमाले र माओवादीको समीकरण भएपछि मुख्यमन्त्रीमा अल्पमतमा परेका थिए । अहिले संघमा कांग्रेस र एमालेको समीकरण फेरिएको छ । यो सँगै सोडारी तीन महिना नपुग्दै नेतृत्वबाट हट्नुपर्ने अवस्था बनेको हो । यस्तो नियत्ति प्रदेशले बारम्बार भोग्दै आएको छ ।

मुलुक संघीय शासन प्रणालीमा छ, तर राजनीतिक दलहरु एकात्मक मानसिकतामा रहँदा केन्द्रमा फेरिने सत्ता समीकरणले प्रदेश सरकार अस्थिर हुँदै आएका छन् । यसले संघीयताको आभास नै गराउन नसकेको सरोकारवालाहरू बताउँछन् ।

एमाले र कांग्रेस बीचमा दुई पार्टीले नेतृत्व गरेको प्रदेशमा मुख्यमन्त्री नफेर्ने सहमति बनेको छ । यसअनुसार कोशी प्रदेशमा मुख्यमन्त्री हिक्मत कार्की नेतृत्वमा निरन्तर रहनेछन् । तर समीकरणमा रहने दलहरु फेरिएसँगै मन्त्रिपरिषद पुर्नगठन हुनेछ ।

मधेश प्रदेशमा जनमत पार्टीका सतिश सिंह मुख्यमन्त्री छन् । २५ जेठ २०८१ मा मुख्यमन्त्री नियुक्त भएका सिंहले यही असार २२ गते उनले कांग्रेस र एमाले सहितका दलको समर्थनमा विश्वासको मत पाए । उनी नेतृत्वमा सरकार निरन्तर अगाडि जान्छ ।

बाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल अल्पमतमा परेका छन् । जम्कट्टेलले विश्वासको मत लिने तयारी गरेका छन् । तर, उनले विश्वासको मत पाउने अवस्था छैन् । गण्डकी प्रदेशमा कांग्रेसका सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री छन् । उनी नेतृत्वको सरकार यो प्रदेशमा निरन्तर अगाडि जान्छ । लुम्बिनी प्रदेश सरकार भने फेरिन्छ । पृष्ठ २ मा




## संघीय मन्त्रिपरिषद्
# अनुभवीलाई प्राथमिकता

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २९ असार ।

नेपाली कांग्रेसको समर्थनमा मुलुकको नयाँ प्रधानमन्त्री दावी गरेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सोमबार शपथ लिने भएका छन् । राष्ट्रपति कार्यालय स्रोतका अनुसार आइतबार साँझ ५ बजेसम्म दाबी पेश गर्ने समय भएकाले सोमबार मात्र शपथको कार्यक्रम राखिएको हो ।

'आइतबार साँझसम्म दाबीको समय नै छ । त्यसपछि मात्र नियुक्ति प्रक्रिया अगाडि बढ्छ', राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले भने । उनका अनुसार आइतबार साँझै प्रधानमन्त्री नियुक्त हुन सक्छन् ।

तर प्रधानमन्त्री निश्चित भइसकेका ओलीले आफ्नो मन्त्रिपरिषद् टुंग्याउनेगरी अगाडि बढिसकेका छन् । जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीलाई समेत सरकारमा सहभागी गराउनेगरी ओलीले छलफल अगाडि बढाएका छन् । यद्यपि साना दलहरुलाई प्रधानमन्त्री नियुक्त पृष्ठ २ मा

# सिमलतालको पहिरोले दिएको दुःख

**शिव विक/मध्यान्ह**
काठमाडौं, २९ असार ।



चितवनको नारायणजगढ-मुग्लिन सडकखण्ड अन्तर्गत सिमलतालको पहिरोको लेदोसँगै बगेका दुई वटा बसमा सवार अधिकांश यात्रुको अवस्था थाहा लाग्न सकेको छैन । त्रिशूलीमा बगेका दुइटै बस र बसमा सवार यात्रु खोज्दा शुक्रबार र शनिवार सुरक्षा निकायका अधिकारीहरूसहितको जनशक्ति परिचालित भयो । तर, शुक्रबार बिहान भउका घटनाको विवरण आउन नसकेको हो ।

बरु उक्त बसमा सवार यात्रुका शव भेटिन थालेका छन् । पूर्वीनवलपरासीको गैंडाकोटस्थित नारायणी नदी किनारमा भेटिएको दुई वटा शवमध्ये एक पुरुषको शव सिमलतालको पहिरोले बगाएर त्रिशूलीमा बेपत्ता पारेको गणपति डिलक्सका यात्रु भएको प्रहरीले पुष्टि गरेको छ। चितवनका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक भेषराज रिजालका अनुसार एउटा शव सर्लाही बरहथवा नगरपालिका ३ बस्ने वर्ष १९ का रमित कुशर माझीको हो । उनका बुवा रविन्द्र कुशर माझीले छोराको शव पहिचान गरेका हुन् ।

रमित कुशर काठमाडौँबाट गौरका लागि छुटेको गणपति डिलक्समा सवार यात्रु हुन् । गैंडाकोटमै फेला परेको अर्को शवको सनाखत हुन बाँकी छ ।

दिउँसो माछा मार्ने बोटेहरूले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । गैंडाकोटमा प्रकृति मुचुल्का उठाइ शव पहिचानका लागि चितवन ल्याइएको थियो ।

सिमलताल पहिरोले बगाएको बसका यात्रु अर्का एक यात्रु भारतीय नागरिक ऋषिपल साहको शव फेला परेको छ । भारतको मोतिहारी राजमुनुवा घर भएका २८ वर्षीय साह काठमाडौँको जोरपाटीबाट गौर जानका लागि गणपति डिलक्स नै चढेका थिए ।

काठमाडौँबाट रौतहटको गौरका लागि छुटेको बागमती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स बस पहिरोमा परेर त्रिशूली नदीमा खस्दा नन्दन दास, सुरजप्रसाद गुप्ता र जगेश्वर यादव हाम फालेर ज्यान जोगाएका थिए । पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

यस वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च आफ्नो स्थापनाकालदेखि नै सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारका पक्षमा दृढताका साथ उभिँदै आएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ मा सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नपाएका वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा पछिल्ला दिनहरूमा देखिएको अन्योल र अस्पष्टताका विषयमा यस वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ। वैदेशिक रोजगार ऐन २०६४ को दफा १३ (घ)मा म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न लगातार दुई आर्थिक वर्षसम्म सय जना कामदार पठाउन नसकेको अवस्थामा इजाजतपत्र रद्द गर्ने र वैदेशिक रोजगार नियमावलीमा इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन श्रम स्वीकृति लिएको हुनुपर्ने भनि गरिएको बाध्यात्मक व्यवस्था पेशा व्यवसायको स्वतन्त्रता, न्यायिक मूल्य मान्यता विपरीत र अव्यवहारिक रहेकाले खारेज हुनुपर्ने यस मञ्चको शुरूवातदेखिको अडान रहेको स्पष्ट गर्न चाहन्छौं । फ्रि भिसा र शून्य लागतमा कामदार पठाउनुपर्ने बाध्यात्मक कानूनी अवस्था, मलेसियाको रोजगारी बन्द, युरोपमा मागपत्र प्रमाणीकरण नगरिदिने समस्या र विश्वकप फुटबलपछि कतारको रोजगारीमा देखिएको शिथिलताका कारण सबै व्यवसायी ऐनले वार्षिकरूपमा तोकेको संख्यामा कामदार पठाउन सम्भव थिएन । सोही सत्यलाई आत्मसात गरी उक्त अव्यवहारिक प्रावधान खारेजी गर्न र समय अभावले खारेज हुन नसकेको अवस्थामा मन्त्रिपरिषद्बाट वैदेशिक रोजगार ऐनको दफा ८२ अनुसार बाधा अड्काउ फुकाउ आदेश जारी गराइ सबै व्यवसायीको इजाजतपत्र नवीकरण हुनुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अडानअनुसार यस मञ्चले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा प्रतिनिधि सभाका कतिपय माननीय सदस्यहरूमार्फत निरन्तररूपमा उच्चतम पहल गरिएको व्यहोरा पनि जानकारी गराउँदछौं । संघ, अन्य संघ संस्था तथा यस मञ्चको पहलका कारण श्रम मन्त्रालयबाट समस्या समाधानका लागि बाधा अड्काउ फुकाउ आदेशसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा पेश भएको अवस्थामा मन्त्रिपरिषद्को बैठकअघि तत्कालीन मन्त्रीबाट उक्त प्रस्ताव बिना कारण फिर्ता हुनु गम्भीर चिन्ता र आपत्तिको विषय हो । हाल मन्त्रिपरिषद्बाट बाधा अड्काउ फुकाउ आदेश जारी नहुँदा तत्कालका लागि दुई सय पचास भन्दा बढी व्यवसायी पेशा व्यवसायको अधिकारबाट वञ्चित हुने देखिन्छ । यो अवस्था सिंगो वैदेशिक रोजगार व्यवसाय र व्यवसायीमाथिको आक्रमण, सरकारको विभेद नीति र अन्यायपूर्ण कानूनी व्यवस्थाको परिणाम हो । तत्कालका लागि सबै व्यवसायीको इजाजतपत्र नवीकरण हुने र दीर्घकालीनरूपमा अन्यायपूर्ण र अव्यवहारिक कानूनी व्यवस्था परिवर्तनका लागि वार्षिकरूपमा सय संख्या पुगेका वा नपुगेका सबै व्यवसायी एकजुट भइ अगाडि बढ्न यस वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग पूर्ववत् रूपमा सहकार्य रहने पनि प्रतिबद्धता जाहेर गर्दछौं ।

कुन्छा दोर्जे दिमदोङ
महासचिव

एवम्

धनलाल जैसी
अध्यक्ष

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च
Organization of Republican Foreign Employment Entrepreneur
ललितपुर महानगरपालिका-१४, कुसुन्तिहाईट ललितपुर, नेपाल

**वैदेशिक रोजगार विशेष**

# किन फिर्ता लिए म्यानपावर नवीकरणको प्रस्ताव कामचलाउ मन्त्रीले ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार

वर्तमान कामचलाउ सरकारको अन्तिम मन्त्रिपरिषद् बैठकले वार्षिक सय जना कामदार पठाउन नसकेका म्यानपावर कम्पनीको समेत इजाजत नवीकरण गर्ने वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अन्तर्गत बाधा अड्काउ फुकाउने निर्णय नगरेपछि मुलुकका एकचौथाई म्यानपावर व्यवसायी लाइसेन्स जाने हो कि भन्ने तनावमा छन्।

नेपालको संविधानले नागरिकको पेशा व्यवसायको अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । तर वैदेशिक रोजगार ऐनले इजाजतपत्र नवीकरणका लागि सय जना कामदार पठाउनुपर्ने बाध्यता यथावत रहेपछि करोडौं लगानी गरेर ल्याएको लाइसेन्स रहने हो कि पेशाबाट वञ्चित हुनुपर्ने हो भन्ने तनावमा उनीहरू देखिन्छन् । त्यसमध्ये कतिपय म्यानपावर कम्पनी साढे दुई दशकदेखि कामदारसँग कुनैपनि प्रकारको शुल्क नलिइ वैदेशिक रोजगारीमा पठाउँदै आएका साना तथा मझौला ठानिएका व्यवसायीहरू पनि छन् । उनीहरूमध्ये कतिपय व्यवसायी सरकारले लागू गर्नुभन्दा पहिलेदेखि नै फ्रि भिसा फ्रि टिकट कार्यान्वयन गरेर उदाहरण बनेका पनि छन् ।

सरकारले सय संख्या नपुऱ्याउने व्यवसायीका इजाजतपत्र नवीकरणको व्यवस्था नगरे उनीहरू पेशाबाट नै पलायन हुनेछन् । तत्कालीन मन्त्री, सचिव, सहसचिवदेखि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारीले लामो समयदेखि मन्त्रिपरिषद्ले नै सय संख्याको बाध्यता हटाएर ऐन संशोधनको प्रक्रिया अघि बढाएकाले जसरी पनि इजाजतपत्र नवीकरण हुने बताउँदै आएका थिए । चारैतिरबाट आएको आश्वासनले सय संख्या पुऱ्याउन नपाएका साना तथा मझौला व्यवसायी पेशामा टिकिरहने आशामा थिए । तर अन्तिम समयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले बाधा अड्काउ फुकाउन मन्त्रिपरिषद्मा पठाएको प्रस्ताव बिना सोच विचार फिर्ता गरे ।

कामचलाउ सरकारका मन्त्री अर्यालको व्यवहार नियालिरहेका संघका पूर्वअध्यक्ष पुष्पलाल महर्जनले यसपटक मन्त्रीबाट व्यवसायीलाई अक्षम धोका भएको र प्रतिशोधको व्यवहार गरेको पृष्ठ २ मा

# नेवाः समाजको पाँचौं साधारण सभा सम्पन्न



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजले पाँचौं साधारण सभा सम्पन्न गरेको छ । शनिबार राजधानीमा सम्पन्न समाजको पाँचौं वार्षिक साधारण सभाले अध्यक्ष किशन प्रधान, महासचिव देवेन्द्र नारायण श्रेष्ठ र कोषाध्यक्ष मोतीलक्ष्मी श्रेष्ठले पेश गरेको संस्थाको वार्षिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ। साधारण सभाका प्रमुख अतिथि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष पुष्पलाल महर्जनले नेपाली समाजका धेरै पक्षमा ठूलो पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३० असार २०८१, आइतबार
14 July 2024, Sunday

# गुणस्तरहीन काम गर्ने व्यवसायीको भुक्तानी रोक्का

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २९ असार



गुल्मीको रेसुङ्गा नगरपालिका नगर प्रमुख खिलध्वज पन्थीले गुणस्तरीय काम नगर्ने निर्माण व्यवसायीको रकम भुक्तानी रोकेका छन् ।

गुल्मी सदरमुकाम तम्घासको अर्घाखाँची जीप पार्कदेखि जन्तेढुंगासम्मको सडक कालोपत्र गर्ने कार्य गुणस्तरहीन भएपछि नगरपालिका प्रमुख पन्थीले निर्माण व्यवसायीले पाउने भुक्तानी रोकेका हुन् ।

उक्त सडक कालोपत्रे गर्नका लागि लोहोनी ब्रदर्श कन्स्ट्रक्सनले र सडक पूर्वाधार विकास कार्यालयबीच सम्झौता भइ तीन किलोमिटर सडक कालोपत्रे भएको छ ।

रेसुङ्गा नगरपालिकामा पर्ने अर्घाखाँची जीप पार्कदेखि जन्तेढुंगासम्मको तीन किलोमिटर सडक कालोपत्रे गर्ने क्रममा गुणस्तरीय नभएकोले भुक्तानी रोक्का गर्नका लागि आफूहरूले सडक पूर्वाधार विकास कार्यालयलाई पत्र लेखेर भुक्तानी रोकेको रेसुङ्गा नगरपालिका प्रमुख पन्थीले बताए ।

रेसुङ्गा नगरपालिका, निर्माण व्यवसायी र सडक पूर्वाधार विकास कार्यालय प्राविधिकसहितको संयुक्त अनुगमनका क्रममा नाली पनि व्यवस्थित नभएको र सडक अव्यवस्थित रहेकोले उक्त सडकको निर्माण कार्यको सम्पूर्ण सुधार र गुणस्तरीय काम नभएसम्मका लागि भुक्तानी रोकिएको नगर प्रमुख पन्थीले जानकारी दिए ।

रेसुङ्गा नगरपालिकाबाट भुक्तानी रोक्न पत्र प्राप्त भएकोले गुणस्तरीय कार्य नगरेसम्म र अपुरा कामहरु नसकेसम्म रकम भुक्तानी रोक्ने सडक पूर्वाधार विकास कार्यालय गुल्मीका प्रमुख सचितानन्द चौधरीले बताए ।

गुणस्तरीय काम नगरेका कारण रेसुङ्गा नगरपालिका प्रमुख पन्थीले पत्र लेखेर भुक्तानी रोक्न भनेपछि सडक पूर्वाधार विकास कार्यालयले दिनुपर्ने भुक्तानी रोकिएको छ । नगर प्रमुख पन्थीको यो पहलले सडक गुणस्तरीय रुपमा कालोपत्रे हुने स्थानीयको अपेक्षा रहेको छ ।

# मधेशमा परीक्षाको प्रश्नपत्र कालोपाटीमा, उतरपुस्तिका विद्यार्थीको जिम्मा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ असार



मधेश प्रदेशको अधिकांश पालिकाका सबै विद्यालयमा प्रथम त्रैमासिक परीक्षा सञ्चालन भइरहेको छ । केही पालिकाले परीक्षा सञ्चालन गर्नको लागि विद्यालयहरुलाई रकम विनियोजन गरेको भएपनि अधिकांश विद्यालयले परीक्षाको औपचारिक पूरा गरिरहेका छन् ।

रौतहटका केही पालिकाले प्रथम त्रैमासिक परीक्षाको समय तालिका म्यासेन्जरमा उपलब्ध गराएर समयमै परीक्षा सम्पन्न गर्न ह्वीप जारी गरेका छन् । नगरपालिकाले निःशुल्क परीक्षा लिन ह्वीप जारी गरेर न कापी उपलब्ध गराउँछन्, न त प्रश्नपत्र नै । सक्षम विद्यालयहरुले प्रश्नपत्र उपलब्ध गराउने र विद्यार्थीलाई कापी दिएर परीक्षा लिएपनि अधिकांश विद्यालयले भने केवल औपचारिकता पूरा गरेका छन् ।

कक्षाका सम्पूर्ण विद्यार्थीलाई आफूले घरबाटै लिएर आएको पानामा उत्तर लेख्नुपर्ने र शिक्षकले घरबाट बनाएर ल्याएको प्रश्नलाई बोर्डमा लेखिदिने गरेका छन् । शिक्षकले बोर्डमा लेखेको प्रश्नपत्रको भरमा परीक्षार्थीले उत्तर दिँदा दुई घण्टाको परीक्षा आधा घण्टामै सकिने र एकले अर्काको कापी हेरेर सार्न सकिने अवस्था छ । पालिकाहरुले विद्यालयलाई विद्यार्थीसँग परीक्षा शुल्क पनि उठाउन नदिने र प्रश्नपत्र तथा कापी केही पनि उपलब्ध नगराउने भएपछि परीक्षाकै बिजोग भएको देखिएको छ ।

पालिका र सरकार दुवैले परीक्षाको नाममा विद्यार्थीलाई ठग्ने बाहेक केही नगरेको बुद्धिजीवीहरुले आरोप लगाउने गरेका छन् । सरकारले निःशुल्क शिक्षा भने पनि माध्यमिक शिक्षा परीक्षाको परीक्षा शुल्क विद्यार्थीसँग असुल्ने गरेको छ, तर विद्यालयले लिने परीक्षाको लागि कुनै पनि शुल्क लिन नपाउने निर्देशन जारी गरेर कक्षा ९ सम्मको परीक्षाको व्यवस्थापन र सञ्चालनमा हस्तक्षेप गरेको छ । अधिकांश विद्यालयसँग कुनै आन्तरिक स्रोत नभएको अवस्थामा एक वर्षमा तीन वटा परीक्षा सञ्चालन र व्यवस्थापन गर्न कुनै पनि हालतमा नसकिने भएकोले परीक्षाको औपचारिकता मात्र पूरा भइरहेको शिक्षकहरुको भनाइ छ ।

परीक्षामा खटिने कर्मचारी, परीक्षामा लाग्ने साधन, कापी परीक्षण, प्रश्नपत्र र कापी आदिमा लाग्ने न्यूनतम खर्च न त पालिकाले दिएको छ, न त परीक्षार्थीसँग नै उठाउन दिइएको छ । अधिकांश पालिकाले सोझै निर्देशन दिएर प्रथम त्रैमासिक परीक्षा सञ्चालन गराएकाले विद्यालयहरुले पनि परीक्षाको औपचारिकता पूरा गरिरहेको पाइएको छ ।

असार मसान्तसँगै मधेश प्रदेशका अधिकांश विद्यालयहरु एक महिनाको लागि बन्द हुँदै छन् । एक वर्षमा ४५ दिन विद्यालय बन्द रहने नियमानुसार एक महिनाको वर्षे बिदा अधिकांश पालिकाहरुले दिँदै छन् । रौतहटको गौर नगरपालिकाले साउन १ देखि भदौ २ गतेसम्म पालिकाका सबै विद्यालयमा गर्मी तथा वर्षे बिदा दिइने सूचना जारी गरिसकेको छ । भदौ ४ गतेदेखि नियमित रुपमा पठनपाठन हुने सूचना सबैको जानकारीको लागि जारी गरिसकेको देखिएको छ । भदौ ३ गते रक्षा बन्धन परेको हुनाले मधेश प्रदेशका अधिकांश विद्यालय भदौ ४ गतेदेखि सञ्चालन हुने देखिएको छ । मधेशका सामुदायिक विद्यालयसँगै अधिकांश संस्थागत विद्यालयले पनि प्रथम त्रैमासिक परीक्षा सञ्चालन गरिरहेको पाइएको छ ।

# एसईईमा उत्कृष्ट नतिजा ल्याउनेलाई सम्मान



**राजकुमार के.सी/मध्यान्ह**
मकवानपुर, २९ असार

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र युनियन (क्रान्तिकारी)भीमफेदी गाउँपालिका समितिले २०८० सालको एसईई परीक्षामा गाउँपालिकाको विभिन्न विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीलाई सम्मान गरेको छ ।

शनिबार बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरिएको हो ।

कार्यक्रममा विद्यार्थीहरुलाई सम्मान गर्दै मन्त्री मोक्तानले विद्यार्थीहरु भविष्यको कर्णधार भएकोले अध्ययनमा विशेष ध्यान दिन आग्रह गरिन् ।

मन्त्री मोक्तानले समाजको सकारात्मक विकास गर्न विद्यार्थीको महत्वपूर्ण भूमिका हुने बताइन् ।

कार्यक्रममा भीमफेदी गाउँपालिकाका विभिन्न विद्यालयबाट एसईई परीक्षामा सहभागी भइ उत्कृष्ट नतिजा ल्याउने १६ जना विद्यार्थीलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला संयोजक भीम पाख्रिन, बागमती प्रदेश कमिटी सदस्य अप्सरा लोप्चन, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, अखिल (क्रान्तिकारी) मकवानपुर जिल्ला कमिटी अध्यक्ष बुद्धराज अर्याल, उपाध्यक्ष दिपक वाइवा, सचिव छोइसाङ लामा, सहसचिव सुजन सिलवाल, कोषाध्यक्ष अनिल बसेल, वाईसिएल हेटौंडा ५ काअध्यक्ष हरि ढकाल, अखिल क्रान्तिकारी जिल्ला सदस्य विशाल जिम्बा र आयुष ठकुरी लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रम अखिल क्रान्तिकारी भीमफेदी गाउँ कमिटी अध्यक्ष बिक्रम आले मगरको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# भानुभक्तले गरेका योगदानको चर्चा



**काठमाडौं/मस**-नेपाल प्रज्ञा-प्रतिष्ठान र भानु प्रतिष्ठानको सहकार्यमा २११ औं भानुजयन्ती विशेष कार्यक्रमका साथ भव्यतापूर्वक सम्पन्न भएको छ ।

भानु प्रतिष्ठानले २०११ सालदेखि भानुसम्बन्धि विविध गतिविधि र २०३३ सालदेखि राजधानीमा प्रभातफेरिसहित भानुजयन्ती मनाउँदै आएको छ । यस प्रतिष्ठानले काठमाडौंमा दुई श्रष्टालाई रथारोहणसहित अभिनन्दन गर्नका साथै नेपाल प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा प्रभातफेरी र श्रद्धाञ्जली सभाको आयोजना गरेको थियो ।

समारोहका प्रमुख अतिथि सभामुख देवराज घिमिरेले नेपाली साहित्यको महत्वलाई दर्शाउँदै त्यसले राष्ट्रलाई अगाडि बढाउने विश्वास व्यक्त गरेका थिए ।

उनले कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल जस्तो विभिन्न जातजातिको बसोबास भएको तथा बहुल संस्कार र संस्कृति रहेको मुलुकमा भाषाले अझ बढी महत्व राख्ने बताए ।

आदिकवि भानुभक्तकै कारण नेपाली भाषा विश्वव्यापी महत्त्वको भाषा बन्दै गएको विचार राखेका थिए । वर्तमान आधुनिक युगमा 'डिजिटलाइज' गरेर नेपाली साहित्यलाई प्रतिष्ठा बनाउनुपर्ने पनि उनले बताए ।

सभामुख घिमिरेले आदिकवि भानुभक्तले गरेको योगदानको सम्मान गर्दै नयाँ पुस्ताले अनुशरण गर्नुपर्नेमा जोड दिएका थिए ।

सभामुख घिमिरेले भानुभक्तले गरेका योगदानलाई समाजमा ल्याउनुका साथै समाजको विकासलाई साहित्यको क्षेत्रबाट अगाडि लैजाने, भाषालाई विकास गर्ने र भाषाको माध्यमबाट विश्वव्यापी रूपमा राष्ट्रलाई चिनाउनुपर्ने बताए ।

'नेपाल एकीकरण गर्ने सन्दर्भमा तत्कालीन राजा पृथ्वीनारायण शाहले जसरी राष्ट्रलाई भौगोलित रूपबाट एक ठाउँमा ल्याएर विशाल राष्ट्र बनाउने र नेपाललाई झन्अगाडि बढाउन गरेको काम ऐतिहासिक महत्वको थियो । त्यो आन्दोलनलाई अगाडि बढाउँदै गर्दा वीर रसका धेरै कविता लेखिने गरेको इतिहास छ', घिमिरेले भने ।

सोही अवसरमा प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले प्रज्ञा-प्रतिष्ठानले सबै भाषा सबै ज्ञानःसबैको प्रज्ञा प्रतिष्ठान भन्ने मूल मन्त्रअनुसार प्रतिष्ठानलाई साझा थलो बनाउने जमर्को गरिरहेको बताए ।

प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीले नेपाल प्रज्ञा प्रतिष्ठानले दशकौंदेखि भानु प्रतिष्ठानसँग सहकार्य गर्दै आएको र सोहीको निरन्तरताका रूपमा २११ औं भानु जयन्ती समारोह मनाइएको बताएका थिए ।

भानु प्रतिष्ठानका तर्फबाट डा. रमेश शुभेच्छुले भानु प्रतिष्ठानको इतिहास र गरेका कामहरूको जानकारी दिएका थिए । शुभेच्छुले नेपालका सातै प्रदेशका राजधानीमा प्रतिष्ठानका प्रदेश समन्वय समितिले पनि यस्ता कार्यक्रम गरिरहेको जानकारी दिएका थिए ।

उनले बोल्ने क्रममा प्रतिष्ठानको आफ्नो भवनसहितको कार्यालयको आवश्यक रहेको र त्यसका लागि पहल थालिएको बताए ।

उनले भानुभक्तका नाममा राजधानीमा संग्रहालय हुनु आवश्यक रहेको जिकिर समेत गरेका थिए । शुभेच्छुले अगाडि सारेको कार्ययोजनामा आफूले रु.१००००१ (अक्षरेपी एक लाख एक ) सहयोग गर्ने कुरा वरिष्ठ साहित्यकार प्रा.डा. नोवलकिशोर राईले सम्मानित प्रतिभाको मन्तव्यका क्रममा बताएका थिए । राईले भानु प्रतिष्ठानले आफूलाई सम्मान गरेर भानुभक्त प्रतिको श्रद्धाका साथै नेपाली भाषाका लागि थम काम गर्ने अभिप्रेरणा जागृत भएको बताए ।

त्यस्तै सम्मानित प्रतिभा साहित्यकार माया ठकुरीले सम्मानित भएकामा खुसी व्यक्त गर्दै यो नेपाली नारीहरूको पनि सम्मान भएको बताइन् । सो समारोहमा डा. राई र ठकुरीलाई रथारोहण गराइ नगर परिक्रमा गराउनका साथै अभिनन्दनपत्र प्रदान गरिएको थियो । उनीहरूमा समर्पण गरिने विशेष अभिनन्दन पत्र उषा भट्ट र दुर्गा नेपालले वाचन गरेका थिए ।

समारोहमा भानु प्रतिष्ठानका तर्फबाट २०१० औं भानुजयन्तीका सन्दर्भमा गतवर्ष उत्कृष्ट झाँकीसहित सहभागी विद्यालयमध्ये प्रथम हुने सूर्योदय सेकेन्डरी स्कुल,द्वितीय हुने क्याम्ब्रिज पब्लिक स्कुल, काठमाडौं र तृतीय हुने ग्लोबल स्कुल एन्ड कलेज, काठमाडौंका साथै प्रोत्साहन स्थानमा अन्नपूर्ण मा.वि, काठमाडौं र कान्तिभैरव गुरुकुल, काठमाडौंलाई पुरस्कृत गरिएको थियो । प्रमुख अतिथिले विद्यालयका प्रतिनिधिलाई पुरस्कारको प्रमाणपत्र प्रदान गरेका थिए भने भानु प्रतिष्ठानबाट पत्रे रामायण र भानुभक्तको तस्बिर सभाध्यक्ष डा. लम्सालले प्रदान गरेका थिए ।

यस वर्ष विभिन्न २० विद्यालय र्यालीमा सहभागी भएका थिए । तीमध्ये निर्णायक मण्डलले प्रथम स्थानमा अन्नपूर्ण मा.वि कान्तिपथ, द्वितीय हुने सूर्योदय मा.वि घट्टेकुलो, तृतीय कान्ती भैरव गुरुकुल, गोकर्ण, चतुर्थ ग्लोबल पब्लिक स्कुल र ज्ञानदीप शिक्षा सदन भएको निर्णय घोषणा गरेको थियो । ती विद्यालयलाई आगामी २१२ औं भानुजयन्ती समारोहमा पुरस्कृत गरिने जानकारी प्रतिष्ठानका उपाध्यक्ष ऋषभ घिमिरेले गराएका थिए ।

ट्राफिक प्रहरीको भ्यानसहित नेपाली सेनाको नौमती बाजा नेपाली सेनाको बग्गी (बग्गीमा भानुभक्तको तस्बिर र सम्मानित साहित्यकारहरू), नेपाल प्रहरीको ब्यान्ड बाजा गुरुज्यूको पल्टनको बाजासहित नेपाल प्रज्ञा-प्रतिष्ठान र भानु प्रतिष्ठान काठमाडौंको संयुक्त नामाङ्कित मूल ब्यानरसहित शोभायात्रा गरिएको थयो । शोभायात्रामा जनपद प्रहरी, सशस्त्र प्रहरी,नेपाल स्काउट, विभिन्न विद्यालयका विद्यार्थीहरू संलग्न भएका थिए । प्रभातफेरी कार्यक्रममा ब्रिलियन्ट एजुकेसनल मा.वि चाबहिल, ग्गोबल पब्लिक स्कुल पेम्सिकोला, क्याम्ब्रिज पब्लिक हाइस्कुल, पुरानो बानेश्वर, रिभेरा इन्टरनेसनल स्कुल चाबहिल, ह्वित किट्न इन्टरनेसनल स्कुल विशालनगर, कान्तिभैरव गुरुकुल गोकर्ण, सूर्योदय आवसीय मा.वि घट्टेकुलो, हेम्स स्कुल रातोपुल, एपेक्स लाइफ स्कुल सरस्वतीनगर, विनायक शान्ति निकेतन स्कुल थापाथली, अन्नपूर्ण मा.वि, कान्तिपथ, प्रस्फुटन स्कुल सिनामंगल, लुम्बिनी एकेडेमी स्कुल चुच्चेपाटी, ज्ञानदीप शिक्षासदन गौरीघाट, बानेश्वर बहुमुखी क्याम्पस शान्तिनगर, अनमोलज्योति स्कुललगायतको सहभागिता रहेको थियो । कार्यक्रमका सभाध्यक्ष एवम् भानु प्रतिष्ठानका अध्यक्ष नवराज लम्सालले सबैमा धन्यवाद ज्ञापन गरेका थिए ।

## बिना...

हाल माओवादी केन्द्रका जोखबहादुर महरा मुख्यमन्त्री छन् । संघमा सत्ता समीकरण फेरिएसँगै लुम्बिनी प्रदेशमा एमालेले विश्वासको मत फिर्ता लिएको छ । यो सँगै मुख्यमन्त्री महरा अल्पमतमा परेका छन् ।

कर्णाली प्रदेशमा यामलाल कडेल मुख्यमन्त्री छन् । एमालेबाट मुख्यमन्त्री रहेका कंडेल नेतृत्वको सरकार फेरिने छैन, तर मन्त्रिपरिषद नयाँ समीकरण अनुसार हेरफेर हुनेछ ।

राजनीतिक दलहरुको केन्द्रिकृत मानसिकताका कारण प्रदेशमा स्वतन्त्र रुपमा सरकार निर्माण गर्न सक्दैनन् । केन्द्रीय समीकरणलाई प्रदेशमा पनि लागू गरिँदा प्रदेशको सरकार अस्थिर भएको हो ।

## सिमलतालको ...

प्रहरीले बेपत्ता बस र यात्रुको खोजीका लागि विपद् उद्धारका सम्पूर्ण शक्ति प्रयोग भइरहेको बताएको छ । शनिवार सशस्त्र प्रहरीको गोताखोर टोलीले 'स्नेक आइ' क्यामराको सहयोगमा खोजी गरेको थियो । उक्त क्यामराले पानीमुनी रहेका वस्तु पहिचानमा सहयोग गर्छ ।

सिमलतालबाट बागमती प्रदेश-०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र बागमती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स नदीमा खसेका हुन् । शुक्रबारदेखि बेपत्ता बस र यात्रीको खोजीका क्रममा एञ्जल डिलक्सको पर्दा र बच्चाको सुरुवाल फेला परेको थियो ।

एञ्जल वीरगञ्जबाट काठमाडौँका लागि र गणपति काठमाडौँबाट रौतहटको गौरका लागि छुटेका बस थिए । दुवै बस पहिरोमा परेर लेदोसँगै त्रिशुलीमा बगेका हुन् ।

## संघीय ...

हुँदा सामेल गराइएको छैन । कांग्रेस र एमालेको मात्र हस्ताक्षर राष्ट्रपतिको कार्यालय शितल निवासमा शुक्रबार राति बुझाइएको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत गुमाएर पदमुक्त भएपछि राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबारै संविधानको धारा ७६ (२) बमोजिम प्रधानमन्त्री आह्वान गरेका थिए ।

उक्त आह्वान बमोजिम ओलीलाई प्रधानमन्त्रीमा दाबी गरिएको छ । कांग्रेस र एमालेको सांसद संख्या जोड्नासाथ सरकार बन्ने भएकाले ओलीले प्रधानमन्त्री बन्नु अघि नै मन्त्रिपरिषद् टुंग्याउन लागिपरेका हुन् ।

नेताहरुका अनुसार केही दिन अगाडि नै उपप्रधानमन्त्रीहरुको टुंगो लागिसकेको छ । कांग्रेसबाट प्रकाशमान सिंह र एमालेबाट विष्णुप्रसाद पौडेल उपप्रधानमन्त्री बन्नेछन् । कांग्रेसमा अरु मन्त्रीहरु पनि लगभग टुंगो लागिसकेको नेताहरु बताउँछन् ।

सिंहसँगै रमेश लेखक, आरजु राणा, जीवन परियार र अजय चौरसिया मन्त्री बन्ने लगगभग पक्का छ । यद्यपि दीपक खड्का, दीपक गिरी, ऐनबहादुर शाही, हृदयराम थानी, अर्जुननरसिंह केसी, रामनाथ अधिकारी, किशोरसिंह राठोर, विनोद चौधरी, उदय शमशेर राणाहरु पनि मन्त्रीका आकांक्षी छन् ।

विष्णु पौडेल अर्थमन्त्री निश्चित भएको एमालेबाट पृथ्वीसुब्बा गुरुङ, योगेश भट्टराई, छबिलाल विश्वकर्मा, विद्या भट्टराई, जुली महतो, कृष्णगोपाल श्रेष्ठ, दामोदर भण्डारी, ठाकुर गैरे लगायत मध्ये मन्त्री बनाउने तयारी चलिरहेको छ । यद्यपि मन्त्रालय भागबण्डा टुंग्याउन बाँकी रहेकाले मन्त्रीहरु पनि टुंगिएको छैन ।

प्रतिनिधिसभाको पहिलो र दोस्रो ठूलो दल मिलेकाले ओलीले यसपटक अनुभवी र काम गर्न सक्ने टीम बनाउन चाहेका छन् । ओलीकै भाषामा योग्य र अनुभवीलाई प्राथमिकतामा दिएर मन्त्रिपरिषद् गठन गर्ने तयारी छ ।

## किन...

टिप्पणी गरे । उनले भने, 'महिनाभर आश्वासन दिएर अन्तिममा मन्त्रिपरिषद्मा पुगेको फाइल फर्काएर व्यवसायीको इजाजत नै नवीकरण नहुने अवस्था सिर्जना गर्नु दुःखदायी र प्रतिशोधको व्यवहार हो ।'

यस वर्ष असार मसान्तसम्म अधिकांश म्यानपावर कम्पनीले इजाजत नवीकरणका लागि तोकिएको सय संख्या पुऱ्याउने आंकलन गरिएको थियो । तर नेपाली कामदारको प्रमुख रोजगार गन्तव्य मलेसियाको रोजगारी करिब आधा वर्ष बिथोलियो । उक्त मुलुकबाट गत फागुनयता नयाँ एप्रुभल आएन, अर्को गन्तव्य कतारमा विश्वकप फुटबलपछि देखिएको सुस्तताले धेरै व्यवसायीले डिमाण्ड पाएनन् । कुवेतमा अवसर भएपनि त्यहाँ भएको चुनावलगायतका कारण धेरै नेपाली जान पाएनन् ।

युरोपेली मुलुकको मागपत्र प्रमाणीकरण हुन सकेन भने तत्कालीन मन्त्री शरतसिंह भण्डारीको कार्यकालमा श्रम मन्त्रालयमै मागपत्र प्रमाणीकरण गर्ने प्रयास भएपनि परराष्ट्र मन्त्रालयको असहयोगले त्यो प्रयास पनि सफल भएन । विदेशस्थित दूतावासहरू प्रमाणीकरणका लागि पेश भएका मागपत्रमा आफूखुशी संख्या तोक्ने, मोलतोल र ढिलासुस्ती गरिदिए । जसका कारण साना तथा मझौला आकारमा कामदार पठाउने व्यवसायीले चाहेर पनि कामदार पठाउन सकेनन् ।

वैदेशिक रोजगार ऐन तथा नियमावलीले इजाजतपत्र नवीकरण गर्न वार्षिक सय कामदारको श्रम स्वीकृति लिनुपर्ने व्यवस्था गरेपनि उक्त प्रावधान एक पटक पनि कार्यान्वयनमा आएको थिएन ।

श्रममन्त्री अर्याल लामो प्रयासपछि आर्थिक वर्षको अन्त्यमा व्यवसायीको इजाजत नवीकरणसम्बन्धी फाइल मन्त्रिपरिषदमा पठाउन तयार थिए । तर वैदेशिक रोजगार ऐनमा संख्या सयको प्रावधान जसरी भएपनि जीवित रहोस् भन्ने कामना गरिरहेका केही पक्षको मनसायअनुसार कामचलाउ सरकारका मन्त्रीले सय संख्या नपुऱ्याएका व्यवसायीको इजाजत नवीकरण गराएर चलखेल गर्न थाले भनेर प्रचार तीव्र पारे ।सूत्रबरुका अनुसार त्यस्ता प्रचारयन्त्रका पात्रहरुलाई दुई चार कौड़ी लगानीसमेत गरे तर राजनीतिका नयाँ पात्र मन्त्री अर्यालले जमिनमा टेक्न सकेनन् ।

अघिल्ला वर्षहरूमा असार तेस्रो तथा अन्तिम साता मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ मा रहेको बाधा अड्काउ फुकाउ निर्णय गरेर इजाजतपत्र नवीकरण हुने व्यवस्था गरी मनोवैज्ञानिक त्रासमा रहेका यवसायीलाई राहत दिने काम गरेको थियो ।

यसअघि हतारहतारमा बिना कारण मलेसियाको श्रम स्वीकृति रोकेका कारणले तत्कालीन श्रममन्त्री गोकर्ण विष्ट पार्टी नेतृत्वको दृष्टिमा अपरिपक्व र अविश्वसनीय पात्र बन्न पुगेका थिए । यसपटक वार्षिक सय जना कामदार पठाउनुपर्ने व्यवस्था हटाउने निर्णय भइ केही नेपाल ऐनलाई संशोधनका लागि अघि बढाएको अवस्थामा मन्त्री अर्यालले फाइल नै रोके । मन्त्रिपरिषद्मा पुगेको फाइल फर्काएपछि कतिपयले अयोग्य राजनीतिकर्मीले मात्रै श्रम मन्त्रालय पाउने रहेछन् भन्ने भाष्य स्थापित भएको टिप्पणी गरेका छन् ।

## नेवा:...

योगदान दिएको वैदेशिक रोजगार क्षेत्रमाथि हाल चौतर्फी आक्रमण भएको भन्दै त्यसको प्रतिवादका लागि समाजले नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई घचघच्याउनुपर्ने अवस्था आएको बताए । उनले सकेसम्म धेरै व्यवसायीलाई गोलबन्द गरेर लैजान पनि समाजलाई सुझाव दिए ।

शुभकामना मन्तव्य राख्दै संघका पूर्वमहासचिव सुजितकुमार श्रेष्ठले स्वदेशमा रोजगार नपाएका युवायुवतीलाई वैदेशिक रोजगार व्यवसायीले विदेशमा रोजगारी उपलब्ध गराउने चुनौतीपूर्ण जिम्मेवारी पूरा गरेको भएपनि सरकारले विभिन्न प्रक्रियाबाट व्यवसायीलाई हतोत्साहित गराउने र बद्नाम गर्ने गरेकाले त्यसको सशक्त प्रतिवाद गर्न व्यवसायी एकजुट हुनुको विकल्प नरहेको उल्लेख गरे । उनले व्यवसायीहरूले खोजेर पेश गरेको मागपत्र प्रमाणीकरणमा पक्षपात र भेदभाव रहेको र सेवा शुल्क परिमार्जन नहुँदा सरकार र कामदार दुवै ठगिएको, संख्या सयलगायत वैदेशिक रोजगार ऐनका नियन्त्रणमुखी र प्रशासनमा रहेका तजबीजी प्रावधान संसोधनलगायतका सुधारका काम बाँकी रहेकाले नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई प्रभावकारी बनाउनका लागि सक्रियता देखाउन समाजलाई सुझाव दिए ।

वैदेशिक रोजगार समाजका अध्यक्ष उद्धवराज भट्टराई, पत्रकार समाजका उपाध्यक्ष तथा मध्यान्ह राष्ट्रिय दैनिकका प्रतिनिधि रेशमराज पौडेल तथा प्रभाव राष्ट्रिय दैनिकका प्रतिनिधि मोहन पन्तले नेवाः समाजले सामाजिक कार्यमा पुऱ्याएको योगदानको चर्चा गर्दै साधारण सभा सफलताको काममा गरे । कार्यक्रममा मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक तथा समाजका सल्लाहकार मदनकुमार श्रेष्ठले बेलायतबाट पठाएको साधारण सभा सफलताको शुभकामना वाचन गरी सुनाइएको थियो ।

समाजका अध्यक्ष प्रधानले समाजलाई वैदेशिक रोजगारका समस्या समाधान गर्न संघलाई सहयोग गर्नुका अतिरिक्त नेवारी सभ्यताको विकास र उन्नयनका लागि सामाजिक उत्तरदायित्वका काममा पनि सक्रिय बनाउने बताए । सरकारले ल्याएको शून्य लागतले वैदेशिक रोजगारमा जाने कामदार र व्यवसायीलाई असुरक्षित बनाएकाले त्यसमा परिमार्जन गराउनेलगायतका विषयमा समाज लागिपर्नेसमेत अध्यक्ष प्रधानले बताए ।

समाजका तृतीय उपाध्यक्ष प्रवीण श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा सचिव गगन श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा समाजले ब्लड क्यान्सरबाट पीडित पदमकुमारी मगरलाई २५ हजार नगद प्रदान गरेको छ ।

# दलित तथा सिमान्तकृत समुदायका महिलासँग अन्तरक्रिया

**घुरन यादव/मध्यान्ह**
सप्तरी, २९ असार



सप्तरी बोदेबरसाइन नगरपालिकामा महिला तथा सिमान्तकृत समुदायको न्याय पहुँचका लागि अन्तरक्रिया सम्पन्न भएको छ ।

कार्यक्रममा छुवाछुतको भावना राख्न नहुने, छुवाछुत गर्नेलाई कानूनी कारबाही, महिला हिंसाका बारेमा अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नगरपालिकाकी उपमेयर रेणु साहले दलित समुदायलाई अहिले पनि अरू समुदायले अपहेलित गर्ने गरेको र त्यसलाई हटाउने उद्देश्य अनुरुप कार्यक्रमको आयोजना गरिएको बताइन् । उनले दलित र सिमान्तकृत समुदायका महिलाहरु अब अगाडि बढ्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा नगरपालिकाका अधिकृत दिलिप यादव विशेष अतिथिको रुपमा रहेका थिए ।

# विजयनगर-६ मा डिभिजन वन कार्यालयको सयौं बिरुवा फालियो

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २९ असार



बिग्रँदो मौसम, प्रदूषित वातावरण, बढ्दो गर्मी लगायत विभिन्न पर्यावरणीय समस्या बढ्दै गइरहेको छ । सोही अवस्था र चुनौतीलाई हेर्दै गाउँदेखि शहरसम्म वृक्षारोपण गर्दै बोटबिरुवा लगाउने अभियान तीव्र छ ।

वृक्षारोपण संघसंस्था, वडा, पालिका लगायत अन्य निकायले समेत विभिन्न कार्यक्रम गरिरहेका छन् । यस्तै कपिलवस्तुमा पनि वृक्षारोपण कार्यक्रम सञ्चालन भैसकेको छ । जिल्ला वन कार्यालय कपिलवस्तु, डिभिजन वन कार्यालयहरुले समेत विभिन्न प्रजातिका बिरुवा निःशुल्क उपलब्ध गराउने गरेका छन् । यस्तै आर्थिक वर्ष २०८०/०८१ मा डिभिजन वन कार्यालय चन्द्रौटाबाट माग गरी केही बिरुवा विजयनगर गाउँपालिका वडा नं. ६ को कार्यालयले ल्याएको थियो । तर एक वर्ष बितिसक्दा त्यस कार्यालयले बिरुवाहरु रोप्ने मौका भने पाएन । बिरुवा ल्याएको एक वर्षपछि सुकेको अवस्थामा सय बढी बिरुवा वडा कार्यालय बाहिर फालिएको भेटिएको छ ।

यसै विषयमा प्रतिक्रिया लिन वडा अध्यक्ष प्रेम बहादुर कलवारलाई फोनमा कुरा गर्दा अध्यक्ष कलवारले गत वर्ष उक्त बिरुवा डिभिजन वन कार्यालय चन्द्रौटाबाट माग गरी ल्याएको बताए ।

उनले सो बिरुवा हुलाकी सडकको मेडियन र बद्दौर तालमा वृक्षारोपण गरेको दाबी गर्दै केही खराव बिरुवा बाहिर फालिएको बताए ।

तर बद्दौर तालको निरीक्षण गर्दा एउटा बिरुवा समेत फेला परेन । अध्यक्ष कलवारले रोपिएको बिरुवा गाइभैंसीले खाएको समेत बताए ।

सोही विषयमा डिभिजन वन कार्यालय चन्द्रौटाको योजना शाखा अधिकृत दिनेश कलवारले आफुहरुले माग भए अनुसार बिरुवा दिने काम मात्र रहेको बताए । उनले बिरुवा दिइसकेपछि सम्बन्धित निकायले बिरुवा रोप्यो वा फाल्यो वन कार्यालय अनुगमन वा कारबाही गर्न नमिल्ने बताए । उनले कुनै सरकारी निकायलाई बिरुवा दिइसकेपछि कुनै किसिमको अनुगमन वा कारबाही गर्ने अधिकार नरहेको समेत स्पष्ट पारेका छन् ।

## सिमलताल दुर्घटना

# शोकमा मटिअर्वा र सिसवा गाउँ

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २९ असार

नारायणगढ-मुग्लिन सडकखण्डको सिमलतालमा शुक्रबार भएको बस दुर्घटनामा यात्रुसँगै दुई वटा बस हराएपछि रौतहटको मटिअर्वा र सिसवा गाउँ  शोकमा डुबेको छ । रौतहटको बौधिमाई नगरपालिका वडा नम्बर ३ मटिअर्वाका एकै परिवारका चार जना बेपत्ता भएका छन् ।

मटिअर्वाका ५८ वर्षीय परशुराम साह श्रीमती मीना देवी, माइलो छोरा सरोज, छोरी रिंकु र ज्वाई नरेश साहलाई लिएर २६ असारमा काठमाडौं गएका थिए ।

कान्छो छोरा कृष्णनन्दन साह नेपाली सेनाको ९ महिने तालिम पश्चात पासआउट समारोहमा सहभागी हुन परशुराम परिवारजनका साथ काठमाडौं गएका थिए । गाउँबाट नै काठमाडौं जाने गणपति डिलक्स बसमा गएका साह २७ गते सोही बसबाट फर्किँदै थिए । 'कान्छो भाइको तालिम सकिएपछिको पासआउट कार्यक्रममा सहभागी भएर बुबाआमा, माइलो भाइ सरोज, दिदी रिंकु र भिनाजु नरेश साह काठमाडौंबाट फर्किँदै हुनुहुन्थ्यो', परशुरामका जेठा छोरा सुकनकुमार साहले भने, 'बस चढेपछि बुबाले हामी बिहान घर आइपुग्छौं भनेर फोन गर्नुभएको थियो । तर बिहान सबेरै बस दुर्घटनामा परेको खबर आयो ।'

परिवारका ५ जनामध्ये सरोज साह भने दुर्घटनामा जोगिएका छन् । दुर्घटनाबाट जोगिने ३ जनामध्ये एक हुन् सरोज । 'हिजो काकाकी छोरीको बिहे थियो । बुबाले भतिजीको बिहेमा हामी सबै जना आइपुग्छौं भन्नुभएको थियो' फोनमा भएको कुरा सम्झिँदै सुकन भन्छन् 'हाम्रो परिवारमाथि बज्रपात भयो । बुबा, आमा, दिदी, भिनाजुको कुनै अत्तोपत्तो छैन अहिलेसम्म ।'



एकै घरका चार जना बेपत्ता भएपछि आफन्तजन शोकमा छन् । खबर थाहा पाएर शनिबार आफ्नो घर भारतबाट माइत आएकी परशुरामकी अर्की छोरी सञ्जिता शोकाकुल छिन् । उनलाई सम्हाल्न जाने गाउँका महिलाहरुले पनि सान्त्वना दिन सकेका छैनन् ।

गरुडाको सिसवामा पनि शोक

बस दुर्घटनामा जोगिने अर्का एक व्यक्ति हुन् गरुडा नगरपालिका-९ सिसवाका ५० वर्षका जुगेश्वर राय यादव । २७ वर्षकी छोरी अमृता यादव, ७ वर्षका छोरा अशोक यादव र ३ वर्षका नाति शिवशंकर यादव र डेढ वर्षको नातिनीलाई लिएर उनी २० असारमा काठमाडौं गएका थिए । जुगेश्वरको ७ वर्षका छोरा अशोकलाई पेट दुख्ने समस्या थियो । गरुडा र चन्द्रपनिगाहपुरमा उपचार गराउँदा अशोकको पेट दुख्ने समस्या समाधान नभएपछि उनले छोरालाई काठमाडौंमा उपचार गराउन लगेका थिए । बुबा काठमाडौं जाने भएपछि छोरी अमृता पनि आफ्नो ढाड दुख्ने समस्या जाँच गराउन सँगै काठमाडौं गएकी थिइन् । उपचारका लागि गएका उनीहरु सवार बस पहिरोले त्रिशुलीमा बगाउँदा बेपत्ता छन् । बस दुर्घटनाको खबर सुनेपछि जुगेश्वरकी श्रीमती उमादेवी यादव मुर्छा परेकी छन् ।

'दुर्घटनामा बुबा जोगिनुभएको छ, तर दिदी, भाइ र भाञ्जाभाञ्जी कहाँ छन् भन्ने अझै थाहा छैन', जुगेश्वरका छोरा सन्तोष भन्छन्, 'हाम्रो परिवारनै उजाडिएको छ । मनलाई कसरी बुझाउने, सम्झाउने थाहा छैन ।'

शुक्रबार बिहान बीरगञ्जबाट काठमाडौं जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स लेखेको बस र काठमाडौंबाट रौतहटको गौर आउँदै गरेको बागमती प्रदेश ०३२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस मुग्लिन नारायणगढ सडक खण्डमा माथिबाट खसेको पहिरोले बगाउँदा यात्रु त्रिशुलीमा खसेर बेपत्ता भएका छन् । वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बसमा ७ जना भारतीयसहित २४ जना र काठमाडौंबाट रौतहट आउँदै गरेको बसमा २७ जना यात्रु सवार रहेको टिकट काउन्टरको विवरणबाट देखिन्छ । तर बीच बाटोबाट थप यात्रु पनि चढेको अनुमान गरिएको छ ।

बेपत्तामध्ये शनिबार बिहान भरतपुर महानगरपालिका- २८ गोलाघाटमा नारायणी नदीमा भेटिएको शव काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बसका यात्रु भारतीय नागरिक ऋषि पाल साहको भएको पुष्टि भएको छ ।

शनिबार दिउँसो नवलपरासी पूर्वको गैंडाकोट नगरपालिका- ७ स्थित नारायणी किनारमा २ जनाको शव भेटिएको छ । उनीहरु सोही दुर्घटनामा बेपत्ता भएका यात्रु रहेको हुन सक्ने अनुमान गरिएको छ । ती शवहरु भरतपुर आएका बेपत्ताका आफन्तलाई देखाएर पहिचान गरिने प्रहरीले जनाएको छ ।

बस खसेको ठाउँमा नेपाली सेनाको रसौलीस्थित विपद् व्यवस्थापन गण र सशस्त्र प्रहरीको विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारका तालिम प्राप्त सुरक्षाकर्मीहरुले खोजी गरिरहेका छन् । सेना तथा सशस्त्र प्रहरीका गोताखोरहरु पटक-पटक नदीमा पस्ने, भित्र गएर हेर्ने प्रयास गरेपनि बस फेला पर्न सकेको छैन ।

# रोल्वालिङमा फसेका पर्यटकको हेलिकप्टरमार्फत उद्धार

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २९ असार

रोल्वालिङ क्षेत्रमा फसेका पर्यटकको उद्धार गरिएको छ । शनिबार नेपाली सेनाको हेलिकप्टरमार्फत रोल्वालिङ क्षेत्रमा फसेका १४ जना पर्यटकको उद्धार गरिएको हो ।

शनिबार बिहान त्यहाँका बासिन्दालाई अत्यावश्यक खाद्यान्न सामग्री लिएर गएको सो हेलिकप्टर रोल्वालिङ क्षेत्रमा फसेका १४ जना पर्यटकको उद्धार गरेर सदरमुकाम चरिकोट आएको हो ।

असार २५ गते गौरीशंकर-९ रोल्वालिङ खोलामा आएको बाढीले पदमार्गको झोलुंगे पुल र फड्के खोलासमेत बगाएको थियो भने डोगाङका होटल तथा लज बगाउनुका साथै स्थानीय होटल व्यवसायी जाङ्मु शेर्पालाई बेपत्ता बनाएको थियो । सोही कारण च्छोरोल्पा घुम्न गएका पर्यटकसहित स्थानीयको टोली बीच बाटोमै अलपत्र परेका थिए ।



त्यस्तै प्रतिनिधि सभा सदस्य गंगा कार्की तथा गाउँपालिका अध्यक्ष विश्वास कार्कीको पहलमा गृह मन्त्रालयले हेलिकप्टरसहित खाद्यान्न पठाएको थियो । अध्यक्ष कार्कीसहितको टोली उद्धार र खाद्यान्न सामग्री लिएर रोल्वालिङ पुगेका थिए ।

# 'जनसंख्या वृद्धि नगरे एक शताब्दीमा देशको अस्तित्व नरहन सक्छ'

**काठमाडौं/मस**-दर्शन चिन्तक प्राडा गोपिलाल न्यौपानेले जनसंख्या वृद्धि गर्ने दिशातिर नगए अबको एक शताब्दीपछि नेपालको अस्तित्व नरहने खतरा रहेको बताएका छन् । शनिबार संवाद डबलीमा आयोजित कार्यक्रममा उनले अहिले पनि पञ्चायतकालीन जनसंख्या नीतिले निरन्तरता पाउनुले देशको भविष्य भयावह उन्मुख रहेको दाबी गरेका हुन् ।

उनले देश राजनीति अस्थिरताको भुमरीमा फस्नु, राजनीतिक दलहरू सत्ता दाउपेचमा रुमलिनुको परिणाम सदियौंदेखि गरिबी र पछौटेपनामा गुज्रनुपरेको आरोप पनि लगाए । उनले भने, 'कुनै कुराको अध्ययन-अनुसन्धान नगरी सबै सधैं हावाको भरमा हरेक कुरा चलाउनुको परिणाम हामी 'सुनको थालमा भिख मागिरहेका छौं ।'




काठमाडौं जस्तो राजधानी सहरमा पनि विश्वमा सबैभन्दा कम जनघनत्व (३९५ प्रति वर्ग किलोमिटर) हुनु दुर्भाग्य भएको उनको भनाइ छ । उनले भने, 'कहिले सडकपेटी सफा गर्ने बहाना, कहिले सुकुम्बासी त कहिले पार्किङको कारण देखाउँदै मान्छे लखेटिएको छ अनि कसरी बन्छ देश । भक्तपुरमा ३,६३१, सिंगापुर ८,४३०, ढाकामा १० हजार प्रतिवर्ग किलोमिटर जनघनत्व हुँदा काठमाडौँको तीन सय ९५ मात्रै छ, अनि कसरी जनसंख्या ज्यादा भयो ?'

जनसंख्याविद् नवराज थापाले देशको जनसंख्या घटी र बढीसँग भन्दा पनि त्यसको कसरी व्यवस्थापन गर्ने भन्ने कुरा मुख्य सरोकारको विषय भएको बताए ।

नेपालमा वर्तमान जनसंख्याको तथ्यांक अनुसार जन्मदर र मृत्युदर घट्न गएको र निर्भर भन्दा काम गर्ने उमेरका जनसंख्याको हिस्सा बढी भए पनि देशको राजनीतिक अस्थिरताको कारण त्यसको समुचित उपयोग नहुनु दुर्भाग्य भएको थापाले बताए ।

उनले अघिल्लो जनगणनाको तुलनामा पछिल्ला दशकमा जनसंख्या वृद्धिदर घट्दै गएको र वृद्ध-बृद्धाहरुको संख्यामा वृद्धि हुने र उत्पादनशील जनशक्ति विदेश पलायन हुनुले देशको भविष्य संकटउन्मुख रहेकोप्रति पनि चिन्ता व्यक्त गरेका छन् ।

उनले भने, 'विश्वमा हाल आठ अर्बभन्दा बढी जनसंख्याको बसोबास भइरहँदा, विकसित देशहरूमा १६ प्रतिशत र कम विकसित देशहरूमा ८४ प्रतिशत छ । त्यसै गरी एसियामा विश्व जनसंख्याको करिब ५९ प्रतिशत जनसंख्या छ । ती मध्ये भारत र चीनमा सर्वाधिक जनसंख्याको बसोबास छ । नेपालमा २ करोड ९२ लाख रहँदा भारत र चीनसँग नेपालको डेढ अर्बको अन्तर हुँदा नेपालले सन्तुलित जनसंख्या नीति अबलम्बन गर्नुपर्ने अवस्था आएको छ ।'

नेपालले बेलैमा जनसंख्यालाई समान वितरण र ठूला मुलुकहरूसँग त्यसको सन्तुलन कायम नगरे नेपाली नस्लको भविष्यमा खडेरी पर्नुका साथै विदेशीको हातमा देश जानेप्रति सोच्नुपर्नेमा थापाको जोड छ ।

# फिदिम बजारमा 'क्लोथ बैंक' स्थापना

**लेखनाथ सिकारु/मध्यान्ह**
पाँचथर, २९ असार

हुनेले दिने नहुनेले लिने भन्ने अभियानका साथ पाँचथरको सदरमुकाम फिदिम बजारमा 'क्लोथ बैंक' स्थापना भएको छ । फिदिम नगरपालिकाको सहयोग तथा हेल्प टुगेदर फाउण्डेशनको सहकार्यमा फिदिमको अस्पताल चोकमा 'क्लोथ बैंक' स्थापना गरिएको हो ।

फिदिम नगरपालिकाका प्रमुख मित्र प्रसाद काफ्ले एक कार्यक्रमका बीच क्लोथ बैंकको उद्घाटन गरेर हेल्प टुगेदर फाउण्डेशनका अध्यक्ष सुशील श्रेष्ठलाई चाबी हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा नगर प्रमुख काफ्ले, उपप्रमुख राधा कृष्ण न्यौपाने,



पाँचथर बहुमुखी क्याम्पसका अध्यक्ष शुभराज थापा, पत्रकार महासंघ पाँचथरका अध्यक्ष गिरिराज बाँस्कोटालगायतले संकलन भएका कपडा बक्समा राखेर क्लोथ बैंकको शुभारम्भ गरेका थिए ।

क्लोथ बैंकबाट अवश्यक पर्ने व्यक्तिले नि:शुल्करुपमा कपडा लैजान सक्नेछन् । दिन चाहनेले जस्तोसुकै कपडा पनि क्लोथ बैंकलाई उपलब्ध गराउन सक्नेछन् । कपडा अभावले कोही पनि व्यक्ति समस्यामा नपरुन् भन्ने उद्देश्यले क्लोथ बैंकको शुरुवाता गरिएको फाउण्डेशनले जनाएको छ । क्लोथ बैंकमा आफूसँग बढी भएका नयाँ अथवा पुराना कपडा दिन सकिने छ ।

# लायन्स क्लब अफ नेपालगञ्जद्वारा रक्तदान कार्यक्रम आयोजना

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २९ असार

लायन्स क्लब अफ नेपालगञ्ज भेरी बाँकेको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा महिला, पुरुष गरी २० जनाले रक्तदान गरेका छन् ।

कार्यक्रममा लायन्स क्लब अफ नेपालगञ्ज भेरीकी अध्यक्ष एम.जे.एफ. लायन डा. फरहत बानु, प्रथम उपाध्यक्ष लायन लक्ष्मी शाही भण्डारी, पूर्व जिल्ला गभर्नर एम.जे.एफ. लायन मुकुट ढकाल, एम.जे.एफ. लायन मधुसुदन शर्मा, प्रथम जिल्ला उपाध्यक्ष गभर्नर एम.जे.एफ. लायन ज्ञानेन्द्र श्रेष्ठ, रक्तदान कार्यक्रम संयोजक कृष्ण प्रसाद श्रेष्ठ, क्लब क्षेत्र नं.४ का एम.जे.एफ. लायन राजु रिजाल तथा अन्य क्लबका लायन भगवती भण्डारी, लक्ष्मी भण्डारी र नैना चापागाईं ज्ञवाली लगायतको सहभागिता रहेको थियो । रक्तदान कार्यक्रम श्री शुभकामना मेडिकल र प्रादेशिक रक्त सञ्चार केन्द्रको प्राविधिक सहयोगमा रक्तदान सम्पन्न भएको हो ।

रक्तदान गर्नेहरुमा सफीक सल्मानी, डा. रत्न सुवेदी, अवुलेश मियाँ हलवाई, दिपकराज भट्ट, निदेश लम्साल, सुवाष थापा, विवेक शाही, एमडी सोयव हलवाइ, दिपेन्द्र घले, भगवती भण्डारी, लक्ष्मी शाही भण्डारी, नैना चापागाईं ज्ञवाली, बच्छ बहादुर रावल, अजय योगी, राजेन्द्र थारु, टेक बहादुर सुनार, विद्यान पौडेल, राम प्रसाद तिमिल्सेना, टंक साउद र मीन बहादुर बुढा लगायत २० जनाले रक्तदान गरेका थिए ।

# सेवा विस्तार गर्दै आँबुखैरेनी अस्पताल

**तनहुँ/मस**-तनहुँको आँबुखैरेनी अस्पतालले आगामी आर्थिक वर्षदेखि शल्यक्रिया सेवा शुरु गर्ने भएको छ । दुई वर्ष अगाडि स्वास्थ्यचौकीबाट स्तरोन्नति भएको अस्पतालमा शल्यक्रिया कक्ष निर्माण भइरहेको अस्पतालका प्रमुख डा.डिबी क्षेत्रीले जानकारी दिए ।

गण्डकी प्रदेशको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको सहयोगमा शल्यक्रिया कक्षका लागि आवश्यक बत्ती, शय्या र इलेक्ट्रोकाउट्री मेसिन प्राप्त भएको छ । क्षेत्रीले भने, 'केही थप औजार उपकरण, रक्तसञ्चार सेवा र व्यवस्थापन भएपछि आगामी आर्थिक वर्षको सुरुमै शल्यक्रिया सेवा सुरु गर्नेछौं ।'

लामो समयको प्रयासपश्चात अस्पतालमा अब शल्यक्रिया सेवा सुरु हुने चरणमा पुगेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताए । उनले भने,'अस्पतालमा शल्यक्रिया सुरु गर्ने लामो समयको प्रयासले अब सार्थकता पाउँदैछ ।' अस्पतालले प्रसूति, हर्निया, एपेन्डिक्स, हाइड्रोसिलको शल्यक्रिया सेवा सुरु गर्ने तयारी गरेको उनले बताए ।

# उच्च अदालत सुर्खेत जुम्ला इजलासले गऱ्यो ९० प्रतिशत मुद्दा फछ्र्यौट

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २९ असार

उच्च अदालत सुर्खेत, जुम्ला इजलासका ९० प्रतिशत मुद्दा फछ्र्यौट भएका छन् । चालु आर्थिक वर्ष २०८०/०८१ को हालसम्म दर्ता भएका मुद्दामध्ये ९० दशमलव ६८ प्रतिशत मुद्दा फछ्र्यौट भएको अदालतले जानकारी दिएको छ ।

चालु आर्थिक वर्षमा नयाँ २ सय २९ सहित कूल २ सय ७९ वटा मुद्दा दर्ता भएका थिए । जसमा २ सय ५३ वटा मुद्दा फछ्र्यौट भएका छन् । उच्च अदालतद्वारा आयोजित पत्रकार भेटघाट कार्यक्रममा सार्वजानिक गरिएको तथ्यांकअनुसार कूल २ सय ७९ मुद्दामध्ये २ सय ५३ मुद्दा फछ्र्यौट भएको र अझै २६ वटा मुद्दा फैसला हुन बाँकी रहेको छ । ५० वटा मुद्दा भने अन्य जिल्लाबाट जिम्मेवारी सरिआएको छ ।

तथ्यांकनुसार फौजदारीतर्फ देवानी मुद्दा एक वटा दर्ता भएकोमा फछ्र्यौट भइसकेको छ । त्यस्तै दुनियाँवादी देवानी वादीतर्फ २५ वटा मुद्दा दर्ता भएकोमा २३ वटा फछ्र्यौट हुँदा २ वटा बाँकी रहेको छ । त्यस्तै सरकारवादी मुद्दातर्फ कूल २ सय २५ वटा मुद्दा दर्ता भएकोमा हालसम्म २ सय ८ वटा फछ्र्यौट भएका छन् भने १७ वटा मुद्दा फैसला हुन बाँकी रहेको छ ।



रिट २८ वटा परेकोमा २१ वटा मात्रै फछ्र्यौट हुँदा अझै ७ वटा रिट निवेदनको सुनुवाइ हुन बाँकी रहेको छ ।

त्यस्तै कर्तव्य ज्यानका २४ मध्ये २२ वटा, जबरजस्ती करणीका ७१ मध्ये ६९ वटा, जातीय विभेद तथा छुवाछुतका २ मध्ये २ वटै, लागुऔषधका २२ मध्ये १९ वटा, चोरीका २२ मध्ये १५ वटा, बहुविवाह र बालविवाहका १२ मध्ये ११ वटा मुद्दा फछ्र्यौट भएका छन् । सम्बन्ध बिच्छेदका ६ मध्ये ५ वटा, अंश/जग्गाका १० मध्ये १० वटै, सवारी ज्यान १३ मध्ये १२ वटा, उत्प्रेषण, परमादेश २५ मध्ये १९ वटा, ज्यान मार्ने उद्योगका २५ मध्ये २५ वटै मुद्दा फछ्र्यौट भएको सार्वजानिक विवरणमा उल्लेख छ । निषेधाज्ञाका ३ मध्ये २ वटा र अन्य ४४ मध्ये ४२ मुद्दा गरी कूल २७९ मध्ये २५३ मुद्दाको फैसला भएको तथ्यांकमा उल्लेख छ । उच्च अदालत सुर्खेत जुम्ला इजलासका मुख्य न्यायाधीश गोकर्ण डाँगीले पत्रकारहरुको जिज्ञाशामा कुनै पनि नागरिक आर्थिक अवस्था कमजोर भएका कारण न्यायबाट वञ्चित हुन नपर्ने बताए । उनका अनुसार उच्च र जिल्ला अदालतमा वैतानिक वकिलहरुको व्यवस्था गरिएको छ । उनीहरुले अदालतले आदेश गरेबोमोजिम नि:शुल्क कानूनी साहयता गर्नुपर्छ । उनले भने, 'अबको कही दिनमै चौथौ पञ्चवर्षीय योजना बनाएर न्याय प्रणालीलाई छिटो छरितो बनाउन न्यायिक संयन्त्र लागिपरेको छ । आएका सुझावलाई प्रथामिकीकरणका आधारमा मात्रै हामी न्याय दिन्छौं । पहुँचको आधारमा न्याय सम्पादन हुन्छ भन्ने कुरा गलत हो । पीडित अदादतको बकपत्रमा होस्टाइल हुनुको कारणले अपराधिक क्रियाकलापले बढुवा पाउने गरेको कुरा नेपालभरको समस्याको रुपमा रहेको देखिन्छ ।'

उच्च अदालतका रजिष्ट्रार याम प्रसाद बास्कोटाले सरल, सामान्य र विशेष तीन वटा विधिमार्फत मुद्दाको फैसला प्रक्रिया अघि बढने बताए । उनले स्रोत साधन तथा पीडकको अनुकूलताअनुसार न्याय सम्पादनलाई छिटो छरितो अघि बढाइएको बताए ।

यसैबीच चालु आवमा उत्कष्ट कार्यसम्पादन गरेबापत इजलास शाखामा कार्यरत टंक प्रसाद खत्री र तामेलदार कमल धमलालाई सम्मान गरिएको छ । उच्च अदालत सुर्खेत जुम्ला इजलासले कर्णालीका कालिकोट, जुम्ला, हुम्ला, मुगुसहित ५ जिल्ला हेर्दै आएको छ ।

Vacancy Annoucement
One of the reputed recruitment agency is seeking for following applicants.
PRO : 10 (Male/Female)
Salary : 30,000 - 50,000 + Comission
Requirements:
Atleast 2 years experienced in the related fields.
SEND YOUR CV: aayushoverseas123@gmail.com
+977 15918559 | 9808278950
AAYUSH OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu, Nepal
Govt.Lic.No. 1341/074/075

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३० असार २०८१, आइतबार
14 July 2024, Sunday

## सम्पादकीय

# सिमलताल देखेर नदुखेको राज्य

चितवनको सिमलतालबाट त्रिशुली नदीमा हराएको दुई वटा बस शनिबार दिनभर खोजी गर्दा पनि भेटिएन। शुक्रबार बिहान काठमाडौंबाट रौटहटका लागि छुटेको दुई वटा यात्रु बाहक बस भरतपुर महानगरपालिका-२९ स्थित सिमलतालमा पुरिएको थियो। उक्त बस पुरिदा बाँचेका तीन यात्रुका बयान अनुसार, सडक माथिबाट झरेको पहिरोसँगै बस त्रिशुली नदीमा धकेलिएको थियो। बसमा ५० जना भन्दा बढी हराइरहेको अनुमान गरिएको छ। शनिबार गैंडाकोटस्थित नारायणी नदी किनारमा दुई वटा र गोलाघाटबाट एक जनाको शव फेला परेको स्थानीय अधिकारीहरूले बताएका छन्। ती शव सिमलतालबाट हराएको बसकै यात्रु भएको अनुमान गरिएको छ। बस त्रिशुली नदीमा हराएको, तीन जना जिवित भेटिएका र तीन जनाको शव भेटिनु बाहेक थप तथ्य उद्धार टोलीले पत्ता लगाउन सकेको छैन।


तर शुक्रबारदेखि सुरू भएको खोजी कार्य जारी छ। नेपाली सेना सहित तालिम प्राप्त सुरक्षाकर्मीको टोलीले हराएको बस र त्यसमा रहेका यात्रुहरूको खोजी गरिरहेको छ। यद्यपि गोताखोर टोली, चुम्बकको प्रयोग जस्ता उपाय लगाउँदा पनि हराएका बसको कुनै अस्तित्व फेला पर्न सकेको छैन। अविरल बर्षाका कारण गएको पहिरोमा परेर हराइरहेको बस र त्यसमा रहेका यात्रुहरूप्रति प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुःख व्यक्त गरेका छन्। शुक्रबारै प्रचण्डले प्रतिनिधि सभामा विश्वासको मत लिएकाले उक्त बैठकमा सम्बोधन गरेका अरू दलका नेताहरूले पनि सिमलताल घटनाप्रति दुःख व्यक्त गरेका छन्। गृहमन्त्री रवि लामिछानेले उद्धार कार्यलाई तीव्र पारिएको जानकारी दिएका थिए।

यद्यपि सिमलताल घटनामा सरकार प्रष्ट असफल देखियो। एकातिर सिमलताल घटनासहित देशभरको बाढी, पहिरो र डुबानमा परेर ठूलो क्षति मुलुकले भोगिरहेका बेला संसद् बैठकमा नेताहरू एकअर्काप्रति आरोप-प्रत्यारोप गरिरहेका थिए। प्रचण्डले आफ्नो नेतृत्वको सरकार सफल भएको र कांग्रेस-एमाले सहित नेताहरूले असफल भएको टिप्पणी गरे। यस्तो दृष्य देखेका नागरिकले मुलुकको नेतृत्वप्रति सकारात्मक धारणा बनाएनन्। जबकी शुक्रबारको संसद् बैठकमा सिमलताल घटनाबाट मुलुकले सिक्नुपर्ने पाठबारे बहस हुनुपर्ने थियो। किनकि भयानक ठूलो दुर्घटनाले अर्को दुर्घटनाबाट बच्ने शिक्षा दिएको हुन्छ। मानिसले पृथ्वीमा अरू प्रजातिलाई पछाडि पार्नु र शासन गर्नुमा पनि थप दुर्घटनाबाट बच्ने शिक्षा लिन सक्नु नै हो। तसर्थ सिमलताल घटनाले मुलुकमा उस्तै प्रकृतिका दुर्घटनाबाट जोगाउनेगरी शिक्षा दिन र लिन सक्नुपर्छ। तर सत्ताको मात्र उद्देश्य बोकिरहेका नेताहरूले यसतर्फ सोच्न नसक्नु दुखद् हो। हराइरहेकाहरूको पीर नदेखिनु निन्दनीय छ।

# जैविक विविधता र मानव भविष्य

*सामान्यतया वनजङ्गलका काष्ठजन्य कुरा र प्रत्यक्ष आर्थिक लाभहरूबारे बढी जानकारी र चासो भएको पाइन्छ, यद्यपि वन-सम्पदाका पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक र भावनात्मक सुक्ष्म स्वरूपका लाभहरू अझै बढी गहन र दूरगामी महत्वका छन्।*

अग्रलेख



● के.बी. बस्नेत

नेपालको धेरै भूभाग पहाडले व्याप्त छ। जहाँ बाढी पहिरोको कारण कुल जनसंख्याको झन्डै ६० प्रतिशत जनता जोखिमको अवस्थामा छन्। यस्तो जोखिम न्यूनीकरणका लागि वनजङ्गलले महत्वपूर्ण भूमिका खेल्छ। साधारणतः एक व्यक्तिलाई प्रतिदिन झन्डै ५५० लिटर अक्सिजन चाहिन्छ। यसको बजारमूल्य प्रतिलिटर एक हजारको दरले एक व्यक्तिलाई प्रतिदिन पाँच लाख ५० हजार रुपैयाँ बराबरको अक्सिजन ग्यास चाहिन्छ। यसबाहेक एउटा रुखले प्रत्येक वर्ष सञ्चित गरेको सरदर ९६ टनसम्म भूमिगत पानी वाष्पीकरणमार्फत वायुमण्डलमा पुऱ्याउन मद्दत गर्छ।

वस्तुतः मानव स्वास्थ्य तथा पर्यावरण संरक्षणका लागि बोटबिरुवाहरुले धेरै योगदान गर्छन्। एउटा परिपक्व रुखले फलफूल र सौन्दर्यबाहेक अक्सिजन उत्सर्जन, वायु प्रदूषण न्यूनीकरण, बाढी पहिरो न्यूनीकरण, माटोको उर्वराशक्ति अभिवृद्धि, जलीय चक्र प्रवाहमा सघाउलगायत चराचुरुङ्गी तथा वन्यजन्तुहरुलाई आश्रय प्रदान गर्छ।

एउटा वयस्क स्वस्थ रुखको अक्सिजन उत्पादन क्षमता वार्षिक एक सय तीन लिटरसम्म हुन्छ। जसबाट कुनै पनि व्यक्तिको श्वासप्रश्वास लिने काममा ठूलो सघाउ पुग्छ। यसबाहेक एक बयस्क वृक्षले वायुमण्डलबाट वार्षिक सालाखाला २२ के.जी. कार्बन डाइअक्साइड अवशोषण गर्छ। जसले कुनै पनि व्यक्तिको स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न सघाउ पुऱ्याउँछ। यति मात्र नभई बोटबिरुवाहरुले कुनै पनि देशको जैविक विविधताको संरक्षणमा ठूलो सघाउ पुऱ्याउँछन्।

सामान्यतया वनजङ्गलका काष्ठजन्य कुरा र प्रत्यक्ष आर्थिक लाभहरूबारे बढी जानकारी र चासो भएको पाइन्छ, यद्यपि वन-सम्पदाका पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक र भावनात्मक सुक्ष्म स्वरूपका लाभहरू अझै बढी गहन र दूरगामी महत्वका छन्। योग भनिरहँदा आर्थिक दृष्टिले महत्वपूर्ण छैन भन्न खोजिएको होइन। मानिसले वनबाट प्रत्यक्षरुपमै ठूलो आर्थिक लाभ उठाउन सक्छ।

नेपाल विश्वको कुल क्षेत्रफलको शून्य दशमलव शून्य एक प्रतिशत भूभाग मात्र ओगटेको छ। परन्तु, जैविक विविधताको हिसाबले यसले विश्वको अन्दाजी चार प्रतिशत हिस्सा ढाकेको छ। नेपाल तराईदेखि हिमाल र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएकोले जैविक विविधताको लागि धनी छ। वास्तवमा जैविक विविधताको सूचीमा यो देश विश्वमा पच्चीसौं र एशिया महाद्वीपमा एघारौं स्थानमा अङ्कित छ।

एकै आधिकारिक प्रतिवेदनअनुसार नेपालमा विद्यमान एक सय १८ किसिमका पारिस्थितिक पद्धतिहरुमा विश्वको कुल वनस्पति प्रजातिका तीन दशमलव दुई प्रतिशत छ। वन्यजन्तु र वनस्पतिसम्बन्धी अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साइरिस) महासन्धिमा उल्लेख भएअनुसार यहाँ पाँच सय ५० खाद्यान्न बालीका, दुई सय सागसब्जीका र ४५ फलफूलका प्रजाति छन्। यीमध्ये हालसम्म यहाँ दुई सय प्रजातिको मात्र खेती गरिन्छ। उक्त प्रजातिहरु मध्ये केही यहाँ आदिम कालदेखि हालसम्म पनि खेती गरिँदै छ। जुन स्थानीय प्रजातिको नामले चिनिन्छ।

नेपालको संविधान २०७२ ले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई जैविक विविधता संरक्षणसम्बन्धी कार्य गर्न सबल तथा साझा अधिकारको व्यवस्था गर्न तीनै तहको सरकारलाई जिम्मेवार बनाएको छ। परन्तु, यी तीनै सरकारले आ-आफ्ना जिम्मेवारी राम्ररी बहन गर्न सकेका छैनन्। नेपालमा तराई, पहाड र हिमाल हुनाले जैविक विविधताको लागि सम्पन्न मानिन्छ। यद्यपि, हालसम्म पनि यसको यथोचित परिपाटीबाट सदुपयोग गर्न नसकेकोले आशा गरेअनुरुप फाइदा प्राप्त गर्न सकिएको छैन। जुन निःसन्देह पनि दुःखको कुरा हो।

वर्तमान संविधानमा जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना अभिवृद्धि गरी औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, चराचुरुङ्गी, जैविक विविधताको संरक्षण र दिगो रुपमा उपयोग गर्न, वातावरण सन्तुलनका लागि आवश्यक भूभागमा वनक्षेत्र कायम राख्ने प्रावधानको व्यवस्था छ। तर, वन नीति २०७५ मा उपलब्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न नसक्नु प्रमुख चुनौती भएको छ। आज जलवायु परिवर्तनको कारण अतिवृष्टि, अनावृष्टि, बाढीपहिरो जस्ता दैवी प्रकोपहरुले विश्वको जैविक विविधतामा नकारात्मक प्रभाव परेको छ। यस सम्बन्धमा नेपाल पनि अछुतो रहन सकेको छैन।

नेपालमा जैविक विविधता संरक्षणका लागि विगतमा केही प्रयास गरिए तापनि हालसम्म पनि नेपाल सरकारको प्राथमिकतामा पर्न सकेको छैन। यो देश संघीय संरचनामा जाने बेलामा मात्र यहाँको जैविक विविधता संरक्षणका लागि एक छुट्टै महाशाखा स्थापना गरिएको थियो। जसले आजसम्म कुनै ठोस कार्य गर्न सकेको छैन्। भूस्वरुप भन्नाले कुनै पनि स्थानको विहङ्गम आकृति भन्ने बोध हुन्छ। वास्तवमा यो त्यो जीवनको त्यो फराकिलो भूभाग हो जुन प्राकृतिक वा सांस्कृतिक प्रक्रियाबाट विविध आकार तथा लक्षणले छुट्टिन्छ। साधारणतया यसको क्षेत्रफल एक किलोमिटर र त्यसभन्दा बढी हुन्छ जसको सुरक्षा गर्न सकेमा जैविक विविधताको संरक्षण गर्न सकिन्छ।

> *जैविक विविधता संरक्षण नेपाल सरकारको एकल प्रयासबाट मात्र सम्भव नभएकोले तीनै तहका सरकारले सरोकारवालाहरूसँग सहकार्य, समन्वय र सहअस्तित्वका अवधारणामार्फत साझा कार्यक्रमका रूपमा अगाडि बढ्ने नीतिहरू निर्माण गरी रैथाने बालीहरूको संरक्षणमार्फत कृषि जैविक विविधतामा विशेष जोड दिन नितान्त आवश्यक छ।*



गाउँ नै गाउँले भरिएको नेपालका धेरै जनता गाउँमा बस्छन्। जसमध्ये धेरैजसो आजसम्म पनि अशिक्षित छन्। त्यसैलै, यहाँको ग्रामीण क्षेत्रमा विद्यमन परम्परागत ज्ञान तथा सीपको प्रवर्द्धन गर्न सके भविष्यमा यहाँको जैविक विविधता संरक्षणमा केही टेवा पुग्न सक्छ। उनीहरुको तत्कालिन आवश्यकतालाई मात्रै सम्बोधन होइन, दीर्घकालिन आवश्यकता पनि सम्बोधन हुन सक्छ।

यथार्थतः जैविक विविधता संरक्षण नेपाल सरकारको एकल प्रयासबाट मात्र सम्भव नभएकोले तीनै तहका सरकारले सरोकारवालाहरुसँग सहकार्य, समन्वय र सहअस्तित्वका अवधारणामार्फत साझा कार्यक्रमका रुपमा अगाडि बढ्ने नीतिहरु निर्माण गरी रैथाने बालीहरुको संरक्षणमार्फत कृषि जैविक विविधतामा विशेष जोड दिन नितान्त आवश्यक छ। यसको साथै कृषि जैविक विविधता नीति २०६३, कृषि विकास रणनीति (२०१५-२०३५) र राष्ट्रिय कृषि नीति २०६१ लाई तीन तहका सरकारको जिम्मेवारीलाई मनन गरेर पुनः लेखन गरी कार्यान्वयन गर्न पनि उत्तिकै जरुरी छ। यसका लागि सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुनुपरेको छ।

## सामाजिक सञ्जाल



**- सूर्यराज आचार्य**

सबैभन्दा ठूलो दल नेपाली कांग्रेस नै ७६ (३) मा हैन ७६ (२) मा सरकार बनाउन सहमत भएको अवस्था यो ७६ (३) को रोइलो झिक्नु सर्वथा अनुचित थियो। केही कानुनविद्को निकै 'सकसपूर्ण' तर्क र माओवादीको ढिपीका बाबजुद रापले ७६ (२) को सरकार आह्वान गर्नु सही निर्णय।



**- राधाकृष्ण कटवाल**

२०८४ मा हुने प्रतिनिधि सभाको संसदीय निर्वाचनमा राप्रपा र जनमोर्चा बाहेक जुन पार्टीले संघीयता विरोधी अभियान सञ्चालन गर्छ त्यही पार्टी ठूलो दल बन्ने निश्चित छ। देश डुबाउने संघीयता ! नेता र कार्यकर्ताले लुट मच्चाउने संघीयता ! जनतालाई दास बनाउने संघीयता ! खारेजीको विकल्प छैन।



**- भीम रावल**

चुनावमा विपरित सिद्धान्त भएकाहरूको गठबन्धन, पछि न चुनावी गठजोडको न सिद्धान्तमा आधारित सरकार; १८ महिनामा पाँच पटक गठबन्धन र झण्डै महिना पिच्छे सरकारमा हेरफेर ! यसबाट अपवाद बाहेक कुनै दल अछुतो छैन। यस्तो चरम राजनीतिक विकृति अब दोहोरिँदैन त ? विश्वस्त पार्ने सहमति किन सार्वजनिक नगरिएको ?



**- बद्रि विनोद खनाल**

एसका १० सांसदले प्रचन्डलाई मत दिँदै गर्दा सम्झे ओलीप्रति माधव नेपालको कति धेरै रिस रहेछ। राजनीतिमा रिसले काम गर्दैन कमरेड राजनीतिमा राजनीतिनै गर्नुपर्छ, ट्याक्टिसले विरोधीलाई तह लगाउने हो रिस देखाएर होइन। आफ्नो दशमतले ओलीलाई प्रम हुन रोक्न सक्ने भएपो लौखा भनेर उभिनु।

# वनजङ्गल विनाशको चिन्ता

विचार




● खगेन्द्र पौडेल

राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलन (कोप-२६) मा एक सय ४१ मुलुकले वन तथा भू-उपयोगमा ग्लासगो नेतृत्वको घोषणामा हस्ताक्षर गरेका छन्। घोषणामा वन फँडानी रोक्ने मात्रै नभई सन् २०३० भित्रै वनजङ्गल विनाशको क्षतिपूर्ति गर्ने प्रतिबद्धता जनाइएको छ। यद्यपि, गरिएका प्रतिबद्धताका बाबजुद यस वर्षको ग्लोबल फरेस्ट वाचको प्रतिवेदनले वन विनाश डरलाग्दो गतिले बढिरहेको देखिन्छ।एक रिपोर्टअनुसार सन् २०२० मा विश्वको कुल वन क्षेत्र ४.०६ अर्ब हेक्टर थियो, जुन कुल जमिनको ३१ प्रतिशत थियो। यो क्षेत्र प्रति व्यक्ति ०.५२ हेक्टर बराबर छ। संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि सङ्गठनद्वारा प्रकाशित रिपोर्टअनुसार पछिल्लो १० वर्षमा विश्वले २२.८ करोड हेक्टर वन क्षेत्र गुमाएको छ। ग्लोबल फरेस्ट वाचको प्रतिवेदनलाई हेर्दा, विश्वले सन् २०२१ भित्रै नेदरल्यान्ड्सको क्षेत्रफल बराबरको वन क्षेत्र गुमाएको छ। ग्लोबल फरेस्ट वाचको त्यो प्रतिवेदनले विश्वलाई झस्काउँछ। हाम्रा प्रतिबद्धतामाथि प्रश्न उठाउँछ।

अर्कोतर्फ, हरेक मुलुकमा वनजङ्गलको समान वितरण छैन। विश्वको कुल वनजङ्गलको आधा हिस्सा मात्रै पाँच देश अर्थात् रुस, ब्राजिल, क्यानडा, अमेरिका र चीनमा छ। यदि अस्ट्रेलिया, डेमोक्रेटिक रिपब्लिक अफ कंगो (डिआरसी), इन्डोनेसिया, पेरु र भारतलाई सूचीमा समावेश गर्ने हो भने वनले ओगटेको क्षेत्र ६६ प्रतिशत हुनेछ। वन क्षेत्र कम भएको भूगोलमा निकै समस्या छ।

रिपोर्टअनुसार पछिल्ला वर्षहरूमा वन फडानीको दर प्रतिवर्ष एक करोड हेक्टर हुने अनुमान छ। यद्यपि जुन दर १९९० को समयभन्दा कम हो। तत्कालीन समय



वन फडानी दर एक करोड ६० लाख हेक्टरभन्दा माथि थियो। विश्वका निश्चित केही मुलुकमा वन विनाशको दर घटे पनि समग्रमा अवस्था अझै भयावह खालको छ। ब्राजिल, इन्डोनेसिया, एंगोला, तान्जानिया, पाराग्वे र म्यानमालगायतमा उच्च दरमा वन विनाश गरिएको छ। रिपोर्टअनुसार विगत ५० वर्षमा अमेजनले आफ्नो हरियो वनको १७ प्रतिशतभन्दा बढी क्षेत्र गुमाएको छ। जुन रिपोर्ट सामान्य खालको छैन।

अहिले विश्वमा जे-जस्ता वातावरणीय सङ्कटहरू देखिएका छन्, यसको पछाडि वनजङ्गलको विनाश पनि सबैभन्दा महत्वपूर्ण कारकको रूपमा रहेको पाइन्छ। यस सन्दर्भमा वनजङ्गलको संरक्षण तथा प्रवर्द्धन अहिलेको निम्ति निकै महत्वपूर्ण हुन जान्छ। जैविक विविधता र पारिस्थितिकी प्रणालीहरू कायम राख्नका लागि मात्र नभई विश्वभरका मानिसहरूको आधा जीवन चलाउन पनि वनजङ्गलको निकै महत्वपूर्ण भूमिका छ। वनजङ्गलले हरितगृह ग्यास उत्सर्जन मात्रै कम गर्दैन, हाम्रो भूगोल सबै प्राणीका निम्ति बाँच्न योग्य बनाउन भूमिका खेल्छ।

निष्कर्षमा, वनजङ्गल संरक्षणको लागि सबैले एक/एक इँटा उठाउनै पर्छ। सबैले हातेमालो गर्नै पर्छ। नेपाल देखिँदा सानो मुलुक भए पनि यसले सिङ्गै विश्वमा ठुलो प्रभाव राख्दछ। यहाँको वातावरणीय सन्तुलन बिग्रँदा सिङ्गै विश्वमा असर पर्छ। जसको महत्वलाई ख्याल नेपालले पनि वनजङ्गल संरक्षणको दिगो नीति अख्तियार गर्नुपर्छ। यद्यपि, यसो भनिरहँदा वनको उपयोगिताको विषयलाई पनि भुल्न हुँदैन।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | पदोन्नतिको योग छ। आमाको सहयोग प्राप्त हुनेछ। |
| वृष : | आयमा कमी आउनेछ। विपरीत लिङ्गीसँग आकर्षण बढ्नेछ। |
| मिथुन : | परिश्रमबाट सफलता मिल्नेछ। मनमा अशान्ति रहनेछ। |
| कर्कट : | स्वास्थ्य सामान्य रहनेछ। मनमा नकारात्मक विचार बढी आउनेछ। |
| सिंह : | आत्मविश्वास बढ्नेछ। कार्यहरूमा अनुकूल प्रगति हुनेछ। |
| कन्या : | श्रीमतीको सहयोग प्राप्त हुनेछ। अनावश्यक खर्च हुने योग छ। |
| तुला : | सामाजिक कार्यमा वृद्धि हुनेछ। लगानी बढ्दै जानेछ। |
| वृश्चिक : | आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ। विवाद हुने योग छ। |
| धनु : | कार्यहरूमा सावधानी आवश्यक छ। मुद्दा मामिलामा सफलता मिल्नेछ। |
| मकर : | मनमा शान्ति छाउनेछ। प्रसन्नता बढ्ने योग छ। |
| कुम्भ : | नौलो वाहन खरिद हुने योग छ। पठन-पाठनमा रुचि बढ्नेछ। |
| मीन : | खर्च बढी हुनेछ। धार्मिक यात्रा हुने योग छ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# योजनाबद्ध नरसंहार गरेको आरोप

**काठमाडौं/एजेन्सी–** शुक्रबार गाजा शहरमा भएको हिंसात्मक घटनामा ७० भन्दा बढी प्यालेस्टिनी मारिएका थिए। जसका कारण हमासका एक अधिकारीले इजरायली अधिकारीलाई योजनाबद्ध नरसंहार गरेको आरोप लगाएको अल जजिराले रिपोर्ट गरेको छ।



हमास सरकारी मिडिया अफिसका महानिर्देशक इस्माइल अल-थावाब्ताले इजरायली सेनाले पूर्वीगाजा शहरमा हजारौं प्यालेस्टिनीलाई पश्चिमी र दक्षिणी छिमेकमा सर्न निर्देशन दिएको र उनीहरू आइपुगेपछि गोली चलाएको दाबी गरे।

अल-थावाब्ताकाले उद्धार टोलीले ताल अल-हवा क्षेत्रबाट ७० शव उद्धार गरेको र कम्तीमा ५० जना बेपत्ता भएको खुलासा गरे। केही विस्थापित मानिसले सेतो झण्डा बोकेका इजरायली सेनालाई औंल्याउँदै लडाकु नभइ विस्थापित भएको जिकिर गर्दा गर्दै पनि इजरायली कब्जा सेनाले यी विस्थापित मानिसलाई मृत्युदण्ड दिएको अल-थावाब्ताले उल्लेख गरे।

उनका अनुसार इजरायली सेनाले ताल अल-हावामा त्यो नरसम्हार गर्ने योजना बनाइरहेको थियो। उनले प्यालेस्टिनी विरुद्धको उन्मूलनको युद्ध अन्त्य गर्न इजरायललाई दबाब दिन अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गरे।

संयुक्त राष्ट्रसंघका प्रवक्ता स्टेफन डुजारिकले गाजा सहरमा भएको घटनाको निन्दा गर्दै यसलाई चलिरहेको द्वन्द्वमा नागरिकको मृत्युको अर्को दुःखद् उदाहरण भनेका छन्। यो घटनाले विनाशकारी घटनाको श्रृंखलामा थप जोड दिने उल्लेख गर्दै यसले गाजामा विस्थापन निम्त्याएको जिकिर गरे।

रिपोर्टका अनुसार यस घटनामा ज्यान गुमाउनेको संख्या ७० भन्दा बढी पुगेको छ भने अन्य धेरै घाइते भएका छन्। संयुक्त राष्ट्रसंघले तत्काल मानवीय युद्धबिराम र द्वन्द्वको समयमा लिइएका सबै बन्धकको बिना शर्त रिहाइको आह्वानलाई दोहोऱ्याएको छ।


द्वन्द्व चलिरहेको बेला, मानिसलाई चाहिने चिकित्सा सहायता, खाना, आश्रय अत्यावश्यक रहेको तर उनीहरूलाई चाहिने अनिवार्य सामग्री पनि असम्भव भएको डुजारिकले जनाए। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ताले गाजामा द्वन्द्व समाप्त भएपछि जवाफदेहिताको आवश्यकता हुने बताए। तर अहिले मानिस भोकै रहेकोमा खाना पानी चिकित्सा सहायतालगायतका सामग्री लडाइँ क्षेत्रमा पुऱ्याउने प्रयास गरिरहेको उल्लेख गरे।

उनका अनुसार अक्टोबरमा गाजामाथि इजरायलको युद्ध शुरु भएदेखि वेस्ट बैंकमा पनि हिंसामा वृद्धि भएको छ। प्यालेस्टिनी अधिकारीका अनुसार वेस्ट बैंकमा इजरायली सेना र स्थानीयद्वारा कम्तीमा पाँच सय ५३ प्यालेस्टिनी मारिएका छन् भने नौ हजार पाँच सय १० जनालाई हिरासतमा लगिएको छ।

इजरायलको कब्जामा रहेको वेस्ट बैंकमा करिब ३० लाख प्यालेस्टिनी बस्छन्, जहाँ पाँच लाखभन्दा बढी इजरायली एक सयभन्दा बढी बस्तीहरूमा बस्छन्।

# जासुसीको आरोप फिर्ता लिन अष्ट्रेलियाका प्रधानमन्त्रीको आग्रह

**काठमाडौं/एजेन्सी–** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले शनिबार मस्कोका लागि जासुसीको आरोपमा ब्रिस्बेनस्थित दम्पतीको गिरफ्तारीमा रुसी आलोचनालाई अस्वीकार गर्दै क्रेमलिनलाई फिर्ता लिन आग्रह गरेका छन्।



मस्कोलाई विश्वभरि जासुसीमा संलग्न भएको आरोप लगाउँदै अल्बनिजले रुससँग कुनै विश्वसनीयता नभएको बताए। उनले ब्रिस्बेनमा एक कार्यक्रमलाई सम्बोधन गर्दै भने, 'रुसले सन्देश प्राप्त गर्न सक्छ: पछाडि हट्नु होस्।'

अस्ट्रेलियाली प्रहरीले शुक्रबार ४० वर्षीया महिला र उनका ६२ वर्षीय पतिलाई रूसी पासपोर्ट वहाक-जासुसी अपराधको तयारी गरेको आरोप लगाएको भन्दै रूसी दूतावासले गरेको आलोचनाको जवाफ दिँदै अल्बनिजले यस्तो प्रतिक्रिया दिएका हुन्।

सामाजिक सञ्जाल एक्सको पोस्टमा, क्यानबेरामा रहेको रूसी दूतावासले गिरफ्तारी र मिडिया कभरेज अस्ट्रेलियामा रूसी विरोधी पागलपनको अर्को लहर शुरु गर्ने उद्देश्यले भएको जनाएको छ।

दूतावासले स्थितिमा अष्ट्रेलियाली अधिकारीबाट आधिकारिक लिखित जानकारी अनुरोध गरेको जनाएको छ। बिहीबार ब्रिस्बेनमा आफ्नै घरमा पक्राउ परेका दम्पतीलाई अष्ट्रेलियाली सेनाबाट राष्ट्रिय सुरक्षासम्बन्धी सामग्री प्राप्त गरेको आरोप लगाइएको छ। दोषी ठहरिएमा उनीहरूले १५ वर्षसम्म जेल सजाय भोग्नुपर्ने हुन्छ।

अभियुक्त महिला अस्ट्रेलियन डिफेन्स फोर्समा निजी र त्यहाँ धेरै वर्षदेखि सूचना प्रणाली टेक्निसियनको रूपमा काम गरिरहेको अस्ट्रेलियाली प्रहरीले जनाएको छ। उनले कथितरूपमा सेनाबाट लामो अवधिको बिदाको समयमा रुसको गैर-घोषित यात्रा गरेकी थिइन्। रुसमा हुँदा उनले आफ्ना पति, (एक स्व-रोजगार मजदुर)लाई अष्ट्रेलियामा आफ्नो आधिकारिक खातामा कसरी लग इन गर्ने भनेर बताएको उल्लेख छ।

उनका पतिले अनुरोध गरिएको सामग्रीमा रुसमा आफ्नी श्रीमतीलाई पठाउने गरेको प्रहरीले आरोप लगाएको छ। प्रहरीका अनुसार अभियुक्त महिला र उनका पतिले क्रमशः २०१६ र २०२० मा अष्ट्रेलियाको नागरिकता प्राप्त गरेका थिए। दम्पती शुक्रबार ब्रिस्बेनको मजिस्ट्रेट अदालतमा छुट्टै उपस्थित भए। दुवैलाई सेप्टेम्बर-२० मा अर्को सुनुवाइका लागि हिरासतमा राखिने छ।

अल्बनिजले युक्रेनमा चलिरहेको द्वन्द्वका लागि क्रेमलिनको पनि आलोचना गरेका छन्। अस्ट्रेलियाका प्रधानमन्त्रीले रुसलाई अन्य सार्वभौम राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बन्द गर्न पनि आह्वान गरे। अल्बनिजले रुसलाई अन्तर्राष्ट्रिय कानूनप्रति कुनै सम्मान नभएको देशको संज्ञा दिँदै उनीहरूलाई तिरस्कारका साथ लिनुपर्ने र आफूले त्यसै गर्ने गरेको उल्लेख गरे।

# चीनद्वारा बालबालिका लक्षित हानिकारक सामग्रीमाथि अनलाइन कारबाही शुरु



**काठमाडौं/एजेन्सी–** चीनले शनिबार बालबालिकाका लागि हानिकारक मानिने सामग्री, भिडियो एप र सामाजिक सञ्जाल प्लेटफर्मलाई लक्षित गर्दै आफ्नो कडा नियन्त्रित इन्टरनेटमा नयाँ कारबाहीको घोषणा गरेको छ। सत्तारूढ कम्युनिष्ट पार्टीले घरेलु वेबलाई कडाइका साथ नियमन गरी अश्लील, तथा राजनीतिक रूपमा विध्वंसक मानिने सामग्रीलाई सेन्सर गर्ने भएको छ।

यसले समय-समयमा अनलाइन प्रभावकर्ता देखि गेमिङ र सपिङ प्लेटफर्मसम्मका विशिष्ट क्षेत्रहरूमा कडाई गरेको छ। शनिबार एक विज्ञप्तिमा, देशको इन्टरनेट वाचडगले इन्टरनेटमा नाबालिगको सुरक्षालाई प्रभावकारी रूपमा सुदृढ पार्न र स्वस्थ, सुरक्षित अनलाइन वातावरण सिर्जना गर्न दुई महिनाको क्लियर एन्ड ब्राइट अभियान शुरु गरिरहेको बताइएको छ।

यस कदमले छोटो-भिडियो र लाइभ स्ट्रिमिङ प्लेटफर्महरू, सामाजिक मिडिया साइटहरू, अनलाइन सपिङ प्लेटफर्महरू, एप स्टोरहरू, बच्चाहरूका लागि स्मार्ट उपकरणहरू र नाबालिगहरूका लागि अनलाइन नियन्त्रणसँग सम्बन्धित प्रमुख समस्याहरू समाधान गर्ने चीनको साइबरस्पेस प्रशासनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यसले विद्यालय बदमाशीलाई प्रोत्सान गर्ने भिडियोहरू प्रसारण गर्ने, क्लासिक बच्चाहरूको कार्टुन र गीतहरूमा हिंसात्मक र घृणित सामग्री थप्ने, र कम उमेरका इन्टरनेट सेलिब्रेटी बच्चाहरूबाट नाफा कमाउने जस्ता विविध व्यवहारलाई लक्षित गर्दछ।

यसले ई-कमर्स प्लेटफर्मबाट अश्लील र यौन सूचक उत्पादनहरू उन्मूलन गर्ने लक्ष्य सहित बच्चाहरूलाई हानिकारक मित्रतामार्फत दुर्भावनापूर्णरूपमा बनाइएको अनलाइन शब्दजाल र अश्लील तर्फ आकर्षित गर्ने जानकारी पनि दिन्छ।

नाबालिगहरूका लागि विशेष समस्याको नयाँ अभिव्यक्तिमा नजिकबाट ध्यान दिइ संयुक्त रूपमा राम्रो अनलाइन इकोलोजीलाई समर्थन गर्नुपर्ने विज्ञप्तिमा भनिएको छ। चिनियाँ बालबालिकाहरूले गर्मीको स्कुलको छुट्टी शुरु गर्दा र हालैका वर्षहरूमा यस्तै थुप्रै अभियानहरू पछ्याउँदा पछिल्लो अभियान आएको हो।

सेन्सरहरूले अप्रिलमा अर्को क्लियर एन्ड ब्राइट अभियान शुरु गरेपछि धेरै प्रसिद्ध प्रभावकर्तालाई अवरुद्ध गरेका छन्, जसले आकर्षक व्यक्तित्वहरूले जानाजानी पैसाले भरिएको असाधारण जीवनशैली प्रदर्शन गर्दछ।

सरकारले १८ वर्ष मुनिका बालबालिकाहरूले अनलाइन गेम खेल्ने समय पनि गम्भीररूपमा कटौती गरेको छ। पहिले ई-कमर्स प्लेटफर्महरूमा आफूले अवांछनीय ठानेका उत्पादनबाट बेच्ने प्रशिक्षण दिएको छ, जस्तै सफ्टवेयर जसले आधिकारिक इन्टरनेट नियन्त्रणहरू स्कार्ट गर्दछ।

# रुसलाई सघाएको घोषणाप्रति उत्तर कोरियाको निन्दा



**काठमाडौं/एजेन्सी–** उत्तर कोरियाले हालै सम्पन्न नाटो शिखर सम्मेलनमा प्योङयाङले रुसमा हतियार निर्यात गर्ने गरेको आरोपको कडा निन्दा गरेको राज्यको सरकारी सञ्चारमाध्यमले शनिबार जनाएको छ।

यस हप्ता सम्पन्न सम्मेलनको संयुक्त घोषणामा नाटो नेताहरूले मस्कोलाई प्रत्यक्ष सैन्य समर्थन प्रदान गरेर युक्रेन र रुसको युद्धलाई बढावा दिएको भन्दै उत्तर कोरियाको निन्दा गरेका थिए।

प्योङयाङले मस्कोमा हतियार ढुवानी गरिरहेको आरोपलाई बारम्बार अस्वीकार गरेको छ। तर गत जुनमा आक्रमणको समयमा एकअर्कालाई सैन्य सहायतामा प्रदान गर्ने सम्झौतामा नेता किम जोङ उन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले हस्ताक्षर गरेका थिए।

विदेश मन्त्रालयले नाटोको उक्त आरोप अस्विकार गर्दै कडा रुपले प्रतिकार गरेको प्योङयाङको कोरियन केन्द्रीय समाचार समितिले शनिबार जनाएको छ। मन्त्रालयको प्रवक्तालाई उद्धृत गर्दै समितिले उक्त घोषणाले विश्वव्यापी स्तरमा नयाँ शीतयुद्ध र सैन्य द्वन्दलाई उक्साउने बताएको छ।

## भियतनाममा पहिरोमा परी ७ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** उत्तरी भियतनाममा पहिरोले भ्यान पुरिदा कम्तीमा सात जनाको मृत्यु भएको शनिबार राज्य सञ्चार माध्यमले जनाएको छ। हा जियाङ प्रान्तको बाक मी जिल्ला हुँदै गुडिरहेको १६ सिटे भ्यान बिहान ४ बजे पहिरोमा परेको हो।

उत्तरी भियतनाममा वर्षाको मौसम प्रवेश गरेसँगै भारी वर्षा र बाढी पहिरोले पहाडी सडकमा यात्रालाई जोखिमपूर्ण बनाइरहेको छ। उद्धारकर्ताहरूले घटनास्थलबाट एक बालकसहित सात जनाको शव उद्धार गरेका छन्।

भ्यानमा सवार अन्य छ जना जीवित फेला परेको र उपचारका लागि नजिकैको अस्पतालमा लगिएको राज्य सञ्चार माध्यमले जनाएको छ। उद्धारकर्ताहरूले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन्। राज्यका सञ्चारमाध्यमले प्रसारण गरेको तस्बिर र भिडियोहरूले एम्बुलेन्स र सयौं उद्धारकर्मीहरू घटनास्थलमा खटिएका देखिइएको छ।

# इमरान खान समर्थित गठबन्धन आरक्षित सिटका लागि योग्य ठहर

**काठमाडौं/एजेन्सी–** पाकिस्तानको सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री इमरान खानको पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) पार्टी समर्थित गठबन्धनलाई आरक्षित सिटका लागि योग्य ठहर गरेको छ।



पेशावर उच्च अदालत (पीएचसी) र पाकिस्तान निर्वाचन आयोगद्वारा पिटिआई समर्थित सुन्नी इत्तेहाद काउन्सिल (एसआईसी) गठबन्धनका लागि महिला र गैर-मुस्लिमका लागि आरक्षित सीटहरू अस्वीकार गरिएपछि यसविरुद्ध गरिएको अपिलमा सुनुवाइपछि पाकिस्तानको सर्वोच्च अदालतको १३ सदस्यीय बेन्चले यो निर्णय गरेको हो।

सर्वोच्च अदालतको फैसलापछि निर्वाचन आयोगले आफ्नो पार्टीको चुनाव चिह्न खोसेपछि यस वर्षको शुरु (फेब्रुअरी ८) मा सम्पन्न निर्वाचनमा पीटीआई समर्थित उम्मेदवारले स्वतन्त्र रूपमा भाग लिनुपरेको थियो।

पीटीआईद्वारा समर्थित विजयी उम्मेदवारहरूले पछि एसआईसीमा सामेल भइ आरक्षित सिटहरूमा दाबी गरेका थिए। यद्यपि, निर्वाचन आयोगले पेशावर उच्च अदालतको रायलाई आधार बनाउँदै आरक्षण सिट एसआईसीलाई प्रदान गर्न अस्वीकार गरेको थियो भने ती सीटहरू अन्य राजनीतिक दलहरूलाई वितरण गरिएको थियो।

सर्वोच्च अदालतले आठ देखि पाँच जना न्यायाधीशको बहुमत रहेको पीएचसीको निर्णयलाई रद्द गरेको छ भने निर्वाचन नियामकको निर्णयलाई पनि अमान्य घोषित गरेको छ र यसलाई पाकिस्तानको संविधान विपरीत भनेको छ।

फैसलामा भनिएको छ, 'पाकिस्तानको निर्वाचन आयोगको सन् २०२४ मार्च १ को आदेशलाई संविधानको अधिकारभन्दा बाहिरको, कानुनी अधिकार बिना र कुनै कानूनी प्रभाव बिना नै अति नै असंवैधानिक देखिन्छ। निर्वाचन चिह्न नहुनु वा अस्वीकृत गर्नुले राजनीतिक दलको निर्वाचनमा भाग लिन पाउने र उम्मेदवार खडा गर्न पाउने संवैधानिक र कानूनी अधिकारमा कुनै असर नपर्ने पनि सर्वोच्चले ठहर गरेको छ।'

फैसलामा सन् २०२४ को आम निर्वाचनमा राष्ट्रिय र प्रान्तीय विधानसभामा सामान्य सिट हासिल गर्ने राजनीतिक दल पीटीआई रहेको उल्लेख गरिएको छ।

सर्वोच्च अदालतले पीटीआईका ३९ जना उम्मेदवारलाई निर्वाचित सदस्यको रूपमा पुष्टि गरिएको र एसआईसीमा सामेल भएका बाँकी ४१ जनाले देशको संसदको तल्लो सदनमा पीटीआईलाई आफ्नो पार्टीको रूपमा चयन गर्न नामांकन पत्र दायर गर्न सक्ने बताएको छ।

# अफगानी निर्वासन रोक्न पाकिस्तानलाई मलालाको आग्रह



**काठमाडौं/एजेन्सी–** नोबेल पुरस्कार विजेता मलाला युसुफजाईले विशेषगरी महिला र बालिकाहरुको अन्धकार भविष्यप्रति चिन्ता व्यक्त गर्दै पाकिस्तानलाई कागजातविहीन अफगानीहरूको निर्वासन रोक्न आग्रह गरेकी छन्।

'पाकिस्तानले त्यहाँ रहेका अफगानी शरणार्थीहरूलाई फिर्ता जान बाध्य गरिरहेको छ भन्ने कुरा गहिरो चिन्ताको विषय हो। म विशेषत महिला र बालिकाहरूको बारेमा चिन्तित छु,' सन् २०१४ मा नोबेल शान्ति पुरस्कारबाट पुरस्कृत मलालाले शुक्रबार बताइन्। इस्लामाबादले यस हप्ता अवैध आप्रवासीहरूलाई हटाउने बताएको हो।

गत वर्ष इस्लामाबादले कागजातविहीन आप्रवासीहरूलाई तुरुन्तै पाकिस्तान छोड्न वा गिरफ्तारीको सामना गर्न आदेश दिएपछि ६ लाख भन्दा बढी अफगानहरू पाकिस्तानबाट भागेका थिए।

पाकिस्तानबाट अफगानिस्तानमा फिर्ता पठाइएका केहीले तालिबानद्वारा उत्पीडनको सामना गर्नुपरेको मानव अधिकार पर्यवेक्षकहरूले चेतावनी दिएका छन्।

सन् २०२१ मा सत्ता नियन्त्रणमा लिएको तालिबानले इस्लामको कठोर रूप लागू गरेका छन्, बालिकाहरूलाई उच्च शिक्षाबाट प्रतिबन्ध लगाइएको छ र महिलहरूको सार्वजनिक जीवनमा प्रतिबन्ध लगाइएको छ।

'पाकिस्तानमा बालिकाहरुले पढ्ने मौका पाइरहेका थिए, महिलाहरु रोजगारमा संलग्न हुदै थिए,' २७ वर्षीया मलालाले भनिन्, 'मलाई आशा छ कि अफगानस्तानमा महिलालाई हुनसक्ने उत्पीडनलाई मध्यनजर गर्दै पाकिस्तानले आफ्नो नीतिलाई परिवर्तन गर्नेछ।'

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७९/०६/०६ मा दर्ता भएको **होटल नमस्ते कुसुम प्रा.लि. (प्रा.लि. नं. २९९७४२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAND AHMED HASSAN MUSTAQAL RESTAURANT FOR SERVING MEALS — शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०३/२८ — चलानी नं.: ६०२२२१६२ — LT. No.: 307469

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ६ गते (21 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

बेबी एन्जल इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353 | 9801029271
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

# बक्स अफिस समाचार

## ‘नेपाली गीतसंगीतको आफ्नो बेग्लै पहिचान छ’

२०४६ सालमा बुबा तारा बराल र आमा लक्ष्मीको पहिलो सन्तानको रुपमा कास्की, पोखरामा जन्मिएका अहिलेका चर्चित गायक महेन्द्रराज बराल आफ्नो अध्ययनलाई निरन्तरता दिँदै गीतसंगीतको क्षेत्रमा पनि सक्रिय रुपले अघि बढिरहेका छन् । मिठो स्वरका धनी गायक बरालको लोक, आधुनिक, पप गरी दर्जनौं गीत चर्चामा छन् । केही समय पहिले दुबईमा सम्पन्न पाँचौं ज्योति फिल्मस म्युजिक अवार्ड २०२३ बाट आधुनिकतर्फ नवगायकको सर्वोत्कृष्ट गायनको अवार्ड पाउन सफल महेन्द्रराज बरालको स्वरमा पछिल्लो समय सार्वजनिक गीत ‘फूल रसैले’ले यतिबेला दर्शक, स्रोताहरुको मन जितिरहेको छ । चर्चित भन्दा पनि कालजयी गीत गाएर कुशल गायकको पहिचान बनाउने चाहना बोकेका शालिन गायक **महेन्द्रराज बराल**सँग मध्यान्ह दैनिकका लागि **लक्ष्मण पोखरेल**ले गरेको कुराकानीको सम्पादित अंश :



**स्रोता, दर्शकहरुका लागि नयाँ के कोशेली ल्याउँदै हुनुहुन्छ ?**

केही समय पहिले ‘मृत्युवरण गरुला’ बोलको गीतको भिडियो आएको थियो । त्यसको सफलतालगत्तै ‘बस तिही यो मनको डेरामा नबस है शंकाको घेरामा फूल रसैले’ ल्याएको थिएँ । उक्त भिडियोले पनि सोचेभन्दा राम्रो चर्चा पाउन सफल भयो । अब चाँडै नै केही गीतको भिडियो सार्वजनिक हुने क्रममा रहेको छ, जुन गीतहरु रेकर्डिङ भइसकेका छन् ।

**सांगीतिक क्षेत्रमा कसरी लाग्नुभयो ?**

गायनमा सानैदेखिको रुची थियो । बिग आइकन २०११ मा सहभागी बनें र टप ७ बाट बाहिरिएँ । त्यही समयबाट नेपाली सांगीतिक क्षेत्रमा प्रवेश गरेको हुँ र पहिलो सिजन नेपाल आइडल र दोस्रो सिजनमा समेत सहभागिता जनाएपछि अहिले यसै क्षेत्रमा सक्रिय छु ।

**नेपाली गीतसंगीतलाई कसरी बुझ्नुहुन्छ ?**

नेपालको संगीत मौलिक संगीतको रुपमा परिचित छ । नेपाली सांगीतिक क्षेत्रको आफ्नो बेग्लै पहिचान छ । लोक संगीत, पप संगीत आधुनिक संगीत, शास्त्रीय संगीत आदिको आफ्नो बैग्लै अस्तित्व नेपाली सांगीतिक फाँटमा रहेको छ । तर पनि पछिल्लो समयमा नेपाली सांगीतिक क्षेत्रमा विभिन्न खालका विकृति विसंगति हाबी हुन थालेको छ । जसका कारण आफ्नो बेग्लै पहिचान बोकेको हाम्रो मौलिकतामाथि प्रहार हुन थालेको महसुस हुन्छ ।

**संगीत क्षेत्रमा विकृति आउनुको कारण ?**

पश्चिमेली संगीतको प्रभाव र तुरुन्तै चर्चामा आउन खोज्ने संगीतकर्मीको आकांक्षाका कारण संगीत क्षेत्र विकृति तथा विसंगतिको घेरामा परेको जस्तो लाग्छ ।

**यसको रोकथामको उपाय छैन ?**

क्षणिक चर्चाका लागि भन्दा पनि दीर्घकालीनरुपमा आफ्ना सिर्जनाहरु जीवित रहने खालको गीतसंगीत बनाउने र यस क्षेत्रमा लागिरहनु हुने श्रष्टाहरुले शब्द चयन र भिडियो निर्माणमा भइरहेको उच्छृंखलप्रति ध्यान दिने हो भने अहिले देखिएको विकृतिलाई कम गर्न सकिन्छ । हामीजस्ता युवा पुस्ताको जिम्मेवारी भनेको नेपाली सांगीतिक फाँटको विरासतलाई जोगाउँदै हाम्रो आफ्नै मौलिक गीतसंगीत नयाँ पुस्तामा हस्तान्तरण गर्नु हो ।

**गीतसंगीतमा सेन्सर नभएर यस्तो अवस्था सिर्जना भएको हो ?**

म्युजिक भिडियोलाई चलचित्रको परिभाषामा समेटी चलचित्र विकास बोर्डलाई यस क्षेत्रको अभिभावक बन्न नेपाल म्युजिक भिडियो निर्देशक समाजले गत वर्ष ध्यानाकर्षण गराएको थियो, त्यसको सुनुवाइ हुन सकिरहेको छैन । चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीलाई म्युजिक भिडियोको क्षेत्रलाई बोर्डअन्तर्गत राख्न अनुरोध गर्दै ध्यानाकर्षण पत्र हस्तान्तरण गरिएको थियो । बोर्डबाट यसमा कुनै प्रतिक्रिया नआउनुले गीत संगीततर्फ राज्य उत्तरदायी नभएको हो कि जस्तो भान हुन्छ । गीत संगीततर्फ पनि राज्य उत्तरदायी हुनुपर्छ जस्तो लाग्छ ।

**यो क्षेत्र महँगो बन्दै गएको हो ?**

सुन्ने गीतको भन्दा हेर्ने गीतको प्रचलन बढेका कारण गीतसंगीत क्षेत्र महँगो बन्दै गएको कुरालाई नकार्न सकिन्नँ ।

**तपाईंलाई यो क्षेत्रमा महेद्रराज बराल भनेर चिनाउने गीतहरु सम्झनु पर्दा ?**

ए झरी, काली तरेर, गयौं मलाई ढाटि, आशुको मूल, बोलिदेउ सान्नानी, नभए साहारा, रुमालै चिनो, धोई धोई निगालोको डोको, सानु माया, तिमीलाई उपहार, खुसि बाँडे बढ्छ खुसी, साँचो माया गर्छु भन्नेलाई, मोटर बाटो आदि छन् भने पछिल्लो समय श्रोता माझ आएका मेरा गीतहरुको सफलताले यो क्षेत्रमा निरन्तरता दिन थप उर्जा मिलेको छ ।

## ‘माइली’मा कुसुम



**काठमाडौं/मस-** ‘सकम्बरी’ गीतबाट उदाएकी मोडल कुसुम शर्मा म्युजिक भिडियोदेखि फिल्म अभिनयमा व्यस्त छिन् । एक वर्षअघि सार्वजनिक भएको गायक प्रकाश सपूतको ‘सकम्बरी’ गीतले कुसुमलाई चर्चाको शिखरमा पुऱ्याएको थियो । त्यसपछि उनको माग बढ्दै गएको छ । छोटो समयमै दुई दर्जन हाराहारी भिडियोमा मोडलिङ गरेकी उनले फिल्म ‘वर एण्ड वधु’को छायाँकन सकेकी छन् ।

कुसुमले अब फिल्म ‘माइली’मा काम गर्ने भएकी छन् । कुसुमसँग यसै साता निर्माण पक्षले कागजी सम्झौता गरेको हो । उनी भित्रिएसँगै फिल्मका लागि कलाकारको लाइनअप पूरा भएको निर्देशक बाबुसाहेब बलामीले जानकारी दिए ।

यसअघि फिल्ममा करिश्मा मानन्धर, प्रियंका कार्की, लोकगायिका कमला घिमिरे, सुष्मा लामा, अंशु महर्जन अनुबन्ध भइसकेका छन् । निर्देशक बलामीले सत्य घटनामा आधारित भएर फिल्म बन्न लागेको बताए । फिल्ममा महिलाको पीडा र संघर्षलाई देखाइने उनको भनाइ छ ।

फिल्ममा शंकर अधिकारी ‘घायल’को गीत, पटकथा तथा संवाद लेखन तथा राजेन्द्र बजगाईंको गीतमा संगीत रहेको छ । साउनभित्र छायाँकन शुरु गर्न लागिएको फिल्मलाई मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं तथा दुबईमा छायाँकन गरिँदै छ । रुना इन्टरटेन्मेन्टको ब्यानरमा फिल्म निर्माण हुन लागेको हो ।

## राजु परियारले नचाए कतारवासी नेपाली

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २९ असार

तेस्रो पटक आफ्नो सांगीतिक प्रस्तुति दिन कतार आइपुगेका लोक तथा दोहोरी गायक राजु परियारले कतारवासी नेपालीलाई छमछमी नचाएका छन् । नारायणगढ-मुग्लिन सडकको सिमलतालमा लेदोसहितको पहिरोले दुई वटा बस बगाउँदा त्रिशूली नदीमा बेपत्ता भएकाहरूसहित बाढी पहिरोबाट ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै आफ्नो सांगीतिक प्रस्तुति राख्न शुरु गरेका परियारले उपस्थितलाई छमछमी नचाएका हुन् ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल कतार शाखाले सातौं वार्षिक साधारण सभाको अवसर पारेर शुक्रबार आयोजना गरेको बृहत् लोक तथा दोहोरी धमाका-२०२४ मा परियारले करिब एक घण्टा आफ्ना सांगीतिक प्रस्तुति दिए । करिब १५ सय दर्शक उपस्थित रहेको अल लुक्तामा रहेको ट्युनिसियन स्कुलको कभर्डहलमा परियारले ‘आमा तिम्रो दुधको भारा’ गीत गाउँदै आफ्नो सांगीतिक प्रस्तुति शुरु गरेका थिए । उनले ‘पहिलो माया’, ‘सुनपानीले छर्क मायालु’, ‘कति राम्री मगरकी छोरी’, ‘सुर्ती जर्दाले’, ‘जानेलाई जान देऊ माया’, ‘लालुपाते नुङ्यो भुइँतिर’, ‘नौ जाले मायाले’लगायतका दर्जन गीत गाए । हलमा उपस्थितले प्रस्तुति अवधिभर साथ दिइरहे भने परियारका फ्यान तथा प्रशंसकहरू स्टेजमै पुगेर खादा तथा श्री फूल (पैसा) लगाइदिएर सम्मानसहित माया व्यक्त गरेका थिए ।

कार्यक्रम शाखा कतारका अध्यक्ष शिवराम ढकालको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि ढकालले सरकारको निर्णयलाई सम्मान गर्दै आफू केही दिनमा नेपाल फर्कन लागेको बताउँदै आफूले अगाडि बढाएका योजना तथा सम्झौतालाई आफू पछि आउने राजदूतले निरन्तरता दिने विश्वास व्यक्त गरे । ढकालले करिब २ दशकदेखि श्रमिक सम्झौताको अद्यावधिक नभएको हुँदा त्यसलाई नयाँ शिराबाट अद्यावधिक गर्ने जिम्मा नयाँ आउने राजदूत र कतारमा रहेका नेपालीलाई छोडेको बताए । उनले आफूले गर्न चाहेका केही काम भने अपुरा रहेकोमा दुःख व्यक्त गरे ।




कार्यक्रममा मौलिक लोक नृत्य, नौमती बाजासहित संस्थामा आबद्ध रहेका कलाकारहरूले समेत सांगीतिक प्रस्तुति दिएका थिए । कार्यक्रमको अन्तिममा भएको प्रत्यक्ष दोहोरीले उपस्थितलाई थप मनोरञ्जन प्रदान गरेको थियो । हरेक शुक्रबार गायन, नृत्य तथा वाद्यवादन विधामा प्रशिक्षण दिँदै आएको प्रतिष्ठानले प्रशिक्षणलाई फराकिलोरूपमा अगाडि बढाउने र कलाकारको हितमा राहत कोष स्थापना गर्ने लक्ष्य लिएको छ ।

कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरू, पत्रकारहरूसहित विभिन्न ओहोदाका व्यक्तित्वहरूको विशेष उपस्थिति रहेको कार्यक्रममा शाखाका प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक कृष्ण ढकालले स्वागत मन्तव्य राखेका थिए । सचिव कृष्ण दर्लामी, महिला सचिव रेशमी विश्वकर्मा र सहसचिव बाबु कौसलले सहजीकरण गरेको कार्यक्रमको समापन सभापति ढकालले गरेका थिए । ‘हाम्रो अभियान लोक संस्कृतिको संरक्षण, स्रष्टाको सम्मान र नवप्रतिभाको प्रोत्साहन’ भन्ने मूल नाराका साथ सन् २०१७ नोभेम्बर १० मा तदर्थ समिति गठन गर्दै प्रतिष्ठान कतार शाखाको स्थापना भएको थियो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०३/३०**

**डा. खगेन्द्र माणडव्य कटुवाल स्वास्थ्य विज्ञान प्रतिष्ठान मु.वि.न.**को मिति २०८१/०३/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **माउण्ट एभरेष्ट स्वास्थ्य विज्ञान प्रतिष्ठान मु.वि.न. (मु.वि.नगर्ने नं.: २९२३०६)** कायम गर्ने गरी मिति २०८१/०३/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः DARWISH INTERSERVE FACILITY MANAGEMENT WLL — शहरः Qatar, Doha

पुर्व स्वीकृत मितिः २०८०/०५/२१ | चलानी नं.: ६०२०७३५० | L.T. No.: 292148 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 23 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | labour | 5 | 0 | | 1000 | ३६,५७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ६ गते (21 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Regd. No.: 301546/079/080 Govt. Lic. No: 1578/079/80
RP Recruitment Partners Pvt. Ltd.

साविकको नामः Qatar International Manpower Pvt.ltd.
P.O. Box 7311
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971, 9851349039
E-mail: info@rpnepal.com

**साँगुरीगढी गाउँपालिका**
**Sanguriġadhi Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office of the Rural Municipal Executive**
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
कोशी प्रदेश नेपाल
Koshi province Nepal

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०३/३०**

यस साँगुरीगढी गाउँपालिकाको स्थानीय आर्थिक ऐनले निर्धारण गरेको दररेटमा आ.व. २०८१/०८२ को लागि देहायबमोजिमको शुल्क संकलन गर्नु पर्ने भएकाले स्थानीय आय व्यवस्थापन (कार्यविधि) ऐन, २०७९ को दफा (८) बमोजिम आय ठेक्का वन्दो वस्त गर्नु पर्ने भएकाले देहायको न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी इजाजत प्राप्त, फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता तथा नियमानुसार कर चुक्ता प्रतिलिपि पेश गरी इच्छुक फर्म वा कम्पनीहरुले रितपूर्वक बोलपत्र भ्दष्मममष्लन को माध्यमबाट पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि. न. | ठेक्का विवरण | ठेक्का नं. | न्यूनतम ठेक्का अंक रु (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १ | पार्किङ तथा सरसफाई शुल्क | ०८/०८०/०८१ (राजस्व) | २२,००,०००/- (बाइस लाख रुपैया) | कबोल अङ्कको ३ प्रतिशत र १२० अवधी भएको | ३०००/- |
| २ | नमस्ते झरना प्रवेश शुल्क | ०७/०८०/०८१ (राजस्व) | ४१,००,०००/- (एकचालीस लाख) | | ३०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# तीन राष्ट्रिय खेलकुद प्रतियोगिताका विजेता खेलाडीहरु पुरस्कृत



**पोखरा/मस-** गण्डकी प्रदेशका विभिन्न तीन राष्ट्रिय खेलकुद प्रतियोगिताका विजेता खेलाडीहरुलाई पुरस्कृत गरिएको छ । प्रदेश खेलकुद परिषद गण्डकीले पोखरामा शनिबार एक कार्यक्रमको आयोजना गरी उनीहरुलाई नगदसहित पुरस्कृत एवम् सम्मान गरेको हो । बागमती प्रदेशस्तरीय राष्ट्रिय प्रतियोगिता, १४औं केन्द्रियस्तरीय राष्ट्रपति रनिङ शिल्ड र यु-१५ विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका विजेता १ सय ७८ जना खेलाडीलाई पुरस्कृत गरिएको हो ।

खेलाडीहरुलाई गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री एवम् प्रदेश खेलकुद परिषदका संरक्षक सुरेन्द्रराज पाण्डे, गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री बिन्दु कुमार थापा, प्रदेश खेलकुदका उपाध्यक्ष धोज कुमार गुरुङ, मन्त्रालयका सचिव प्रकाश पौडेल, सदस्य सचिव श्रीधर शर्मालगायतले पुरस्कृत तथा प्रशंसा पत्रले सम्मान गरेका थिए ।

सो अवसरमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री पाण्डेले खेलाडीहरुलाई बधाईसँगै शुभकामना व्यक्त गर्दै प्रदेश सरकार खेलकुद विकासका लागि लगानी बढाउन प्रतिबद्ध रहेको बताए । सीमित स्रोतहरुको अधिकतम सदुपयोग गर्दै खेलकुदको जग बलियो बनाउन गण्डकी प्रदेश सरकार अघि बढेको बताउँदै मुख्यमन्त्री पाण्डेले भने, 'गण्डकी प्रदेश सरकार खेलकुदमा अधिकतम लगानी गर्दै खेलाडीहरुको जिवन शुनिश्चित गर्न प्रयासरत छ । सरकारले युवावस्थाबाटै उत्प्रेरणा जगाउन धेरै कार्यक्रमहरु अघि सारेको छ, जसको अधिकतम सदुपयोग गर्दै खेलक्षेत्रको विकासमा अघि बढ्नु छ ।'

मुख्यमन्त्री पाण्डेले खेलकुद क्षेत्रबाट अझै पनि जीविकोपार्जनको विषयमा प्रश्नहरु यथावत रहेको धारणा अघि सार्दै त्यसतर्फ वातावरण बनाउनसमेत प्रदेश सरकार प्रयासरत रहेको बताए । उनले गाँउ नै युवा खेलाडी उत्पादन हुने मूल थलो भएकाले त्यसतर्फ पनि आफ्ना योजनाहरु अघि बढाउने बताए । प्रदेश सरकारले मुस्ताङमा हाइ अल्टिच्यूड खेल मैदानको निर्माण कार्य अघि बढाएको जनाउँदै विभिन्न कल्याणकारी योजनामार्फत सरकार सदैव खेलाडीहरुसँगै रहेको सन्देश पनि दिन चाहेको उल्लेख गरे ।

कार्यक्रममा आफ्ना भनाइ राख्दै सामाजिक तथा स्वास्थ्य मन्त्री थापाले खेलकुदबाट नै भविष्य छ भन्ने विषय अहिलेको प्राथमिकताको विषय रहेको उल्लेख गरे । खेलकुद अनुशासित क्षेत्र समेत भएकाले यसले सौहर्दता बढाउने र राष्ट्रको गरिमा समेत बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताए । सरकार खेलाडीहरुको मनोबल बढाउन तथा खेलक्षेत्रको विकासका लागि प्रतिबद्ध रहेको मन्त्री थापाले बताए ।

सो अवसरमा प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष धोज कुमार गुरुङ, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेल, परिषद्का सदस्य सचिव श्रीधर शर्मालगायतले आफ्ना भनाइ राखेका थिए ।

पुरस्कृत हुने खेलाडीहरुमध्ये व्यक्तिगत इभेन्टतर्फ स्वर्ण, रजत र काश्य पदक विजेतालाई क्रमशः नगद रु ७, ५ र ३ हजार तथा टिम गेम्सतर्फका खेलाडीलाई क्रमशः नगद रु ५, ३ र २ हजारका दरले पुरस्कृत गरिएको थियो ।

# दाना कपमा नेपालका तीन उमेर समूह टोली सहभागी हुने



**काठमाडौं/मस-** दाना कपमा सहभागी हुन नेपाली फुटबल टोली साउन ५ गते शनिबार डेन्मार्क प्रस्थान गर्ने भएको छ । जुलाइ २२ देखि २८ तारिकसम्म हुने उक्त प्रतियोगितामा नेपालबाट ३ फरक उमेर समूहको छात्र टोली सहभागी हुनेछ ।

यु-१२ उमेर समूहमा कृशल लिम्बू, प्रविक तामाङ, सभ्यम अमात्य, बृमधा तामाङ, मिङमार गेलु शेर्पा, रिजन भुजेल, सन्चेस भुजेल र युनेश श्रेष्ठले प्रतिस्पर्धा गर्ने छन् ।

यु-१४ मा सिद्धार्थ देवकोटा, कश्यपराज थापा, शुभम् अमात्य, प्रजल बस्नेत, निक्सन केसी, शुलभध्वज जोशी र आदिप्त बस्नेतले खेल्ने छन् ।

यु-१६ मा गौरवबहादुर खड्का, गोरक्षजंग सुवेदी, आरुश पौडेल, अमर लिम्बू, युङडु वाङगेल गुरुङ, आलोक जिरेल, समिर गुरुङ, अमुल महर्जन, प्रतीक थापा, शुभम् थापा, सोहन बस्नेत, अध्ययन गुरुङ, अग्रिमजंग सिंह बस्नेत, ग्रेमन श्रेष्ठ, लिसन गुरुङ र जोसुअ बुढाथोकी सहभागी हुने छन् । यु-१२ र यु-१४ को प्रतिस्पर्धा भने सेभेन ए साइड स्वरुपमा हुनेछ ।

टिम व्यवस्थापकमा रमेश भुजेल र नारायण रोका, प्रशिक्षकमा अमिर विशुंखे, विनोद बुढाथोकी र आशिष कपाली रहेका छन् । प्रतियोगितामा ४५ भन्दा बढी राष्ट्रको सहभागिता रहने व्यवस्थापक रोकाले जनाएका छन् ।

# भारतले जित्यो सिरिज




**काठमाडौं/मस-** भारतले जिम्बाब्वेविरुद्धको ५ खेलको टी-२० आई सिरिज एक खेलअगावै जितेको छ । शनिबार भएको खेलमा जिम्बाब्वेलाई पराजित गरेसँगै भारतले सिरिज ३-१ ले जितेको हो ।

शनिबार भारतले जिम्बाब्वेलाई १० विकेटले पराजित गरेको हो । जिम्बाब्वेले दिएको १५३ रनको लक्ष्य भारतले १५.२ ओभरमा कुनै पनि विकेट नगुमाइ पूरा गऱ्यो । भारतलाई जित दिलाउन यशश्वी जयसवाल र कप्तान शुभमन गिलले अर्धशतकीय इनिङ खेले । जयसवाल ५३ बलमा ९३ रन बनाउँदै अविजित रहे । ९३ रन जोड्ने क्रममा जयसवालले १३ वटा चौका र २ वटा छक्का प्रहार गरे । यस्तै गिल ३९ बलमा ५८ रन बनाउँदै अविजित रहे । ५८ रन जोड्ने क्रममा गिलले ६ वटा चौका र २ वटा छक्का प्रहार गरे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको जिम्बाब्वेले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १५२ रन बनाएको थियो । जिम्बाब्वेका लागि कप्तान सिकन्दर राजाले सर्वाधिक ४६ रनको योगदान दिए । उनले २८ बलमा ३ छक्का र २ चौकाको सहयोगमा ४६ रन जोडेका हुन् ।

यस्तै जिम्बाब्वेका लागि तदिवानाशे मरुमणिले ३१ बलमा ३ चौकाको सहयोगमा ३२ रनको योगदान दिए । वेसली मधेवेरेले २४ बलमा ४ चौकाको सहयोगमा २५ रन बनाए भने डियोन मेयर्सले १३ बलमा १२ रन बनाए । यसबाहेक जिम्बाब्वेका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

बलिङतर्फ भारतका लागि खलिल अहमदले २ तथा तुषार देशापाण्डे, वासिङ्टन सुन्दर, अभिषेक शर्मा र शिवम दुवेले समान एक-एक विकेट लिए । अब सिरिजअन्तर्गत भारत र जिम्बाब्वेविरुद्धको अन्तिम खेल आइतबार हुनेछ ।

## सर्जियो गोमेज रियल सोसिडाडमा

**काठमाडौं/एजेन्सी-** सर्जियो गोमेज ला लिगा क्लब रियल सोसिडाडमा अनुबन्धित भएका छन् । २३ वर्षीय लेफ्ट ब्याक गोमेजले प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीमा दुई सिजन बिताएका थिए । सिटीमा रहँदा उनले ३८ खेल मात्रै खेले । टोलीमा नियमितरूपमा आफूलाई स्थापित गर्न नसकेका उनले ६ वटा उपाधि जिते । उनलाई सोसिडाडले १० मिलियन युरोमा अनुबन्ध गरेको हो । गोमेज बेल्जियन क्लब एन्डरलेक्टबाट सिटी पुगेका थिए ।

# खेल शिक्षकलाई प्रशिक्षण




**सिन्धुपाल्चोक/मस-** सिन्धुपाल्चोक जिल्ला क्रिकेट संघको आयोजनामा तथा ग्रेट हिमालय क्रिकेट एकेडेमीको समन्वयमा सिन्धुपाल्चोकमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयका खेल शिक्षक (कोच)हरुको दुईदिने विद्यालय क्रिकेट प्रशिक्षक प्रशिक्षण तथा अनुशिक्षण कार्यक्रम २०८१ सम्पन्न भएको छ ।

सिन्धुपाल्चोक जिल्ला क्रिकेट संघले ग्रासरुट क्रिकेट विकासको पहिलो खुड्किला विद्यालय भएकाले विद्यालयबाट नै क्रिकेटको शुरुवात गर्नुपर्ने र शिक्षकले त्यो गर्न सक्ने भएको हुँदा प्रशिक्षण सञ्चालन गरिएको जिल्ला क्रिकेट संघका सचिव अजयकुमार धितालले बताए ।

समापन समारोहका प्रमुख अतिथि बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालले सिन्धुपाल्चोक जिल्ला क्रिकेट संघको गतिविधिलाई शुरुदेखि नै नियालेर हेरेको र सिन्धुपाल्चोक क्रिकेटले छोटो समयमै छुट्टै पहिचान बनाएको बताउँदै त्यो पहिचान बनाउन दिनरात मिहिनेत गर्ने सिन्धुपाल्चोक क्रिकेट संघ कार्यसमितिलाई विशेष आभार व्यक्त गरे । निकट भविष्यमा सिन्धुपाल्चोकमा सञ्चालन हुने स्कुल क्रिकेट लिगका लागि यो प्रशिक्षण धेरै फलदायी हुने संघका उपाध्यक्ष राजन धितालले बताए ।

दुई दिन चलेको उक्त प्रशिक्षणमा सिन्धुपाल्चोकका विभिन्न विद्यालयका २७ जना प्रशिक्षार्थी प्रशिक्षक बीकेएसपी बंगलादेशका कोच मसुद हसनबाट दिक्षित भए । समापन समारोहमा नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य सुदिप शर्माले यस्तो कार्यक्रमले ग्रासरुट क्रिकेटलाई टेवा पुग्ने विश्वास व्यक्त गरे ।

**Farwestern University**
**Jagannath Multiple Campus**

**Invitation for Bids**

**First Date of publication: 2081/03/30 (14-07-2024)**

**Jagannath Multiple Campus Baitadi** invites electronic bids from Nepalese eligible bidders under NCB procedures for the Following Works:

| S.N | IFB No. | Description Of Works |
|---|---|---|
| 1. | JMC/NCB/Works/ 02/2080-081 | Jagannath Multiple Campus Entrance Gate Construction, Fancying & Furnishing Work |

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.

**Campus Chief**

**Khaptad Chhededaha Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Dogadi, Bajura**
**Sudurpaschim Province, Nepal**

**Letter of Intent (L.O.I)**

**Date of Publication:2081/03/30 (14th July, 2024)**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of Public Procurement Act 2063 and the instruction to bidders that it is our intention to award the following contracts as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| S. N. | Contract Id. No. | Name of Contract | Name and Address of Successful Bidder | Bid Price NRs. (Without V.A.T. & P.S.) |
|---|---|---|---|---|
| 1. | KCRM/NCB/ BCW/09/2080-81 | Ward No. 3 Office Building Construction Works. at KCRM-3, Dhanalta, Bajura | Jagat Nirman Sewa, KCRM-02, Bajura | 1,01,32,673.49 |

**Chief Administrative Officer**

**Tilottama Municipality**
**Office of Municipal Executive**
**Manigram, Rupandehi**

**Invitation for Only Electronic Bids**

**Date of Publication: 2081/03/30**

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids (Single Stage Double Envelope Procedure) from eligible bidders for following projects.

| S. N. | Name of Project &Contract ID. | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Minimum Work experience of similar size and nature | Minimum Required Bid Capacity | Price Of Bid Document | Bid Security Amount & Bid Security Validity Period | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Tilottama Municipality Seminar Hall Construction works, Tilottama-06, Rupandehi Contract ID : NCB/ TM/W/58/080/81 | NRs. 57.76 Millions | NRS 15.40 Millions | NRs. 38.50 Millions | NRs. 5,000/- | NRs. 11,50,000/- & 120 Days | 29th Shrawan 2081, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality, Office of Municipal Executive, Manigram, Rupandehi Account Details. NIC Asia Bank, Manigram, Rupandehi Rajaswa (Revenue) Khata no:- 1052055499599012, Dharauti Khata no:- A5CA 549959952403 |
| 2. | Tilottama Municipality 17 No Ward Office Building Construction Works, Tilottama-17, Rupandehi Contract ID : NCB/ TM/W/59/080/81 | NRs. 37.45 Millions | NRS 9.99 Millions | NRs. 24.96 Millions | NRs. 5,000/- | NRs.7,50,000/- & 120 Days | | |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

**Chief Administrative Officer**



# 'ग्रामीण अर्थतन्त्रको आइडल बनेको छ पैचो पसल'

नेपालका ग्रामीण भेगका कृषिजन्य वस्तुलाई सहरसम्म पुऱ्याउने र आफूले उत्पादन गरेको वस्तुको ब्राण्डिङ गरेर अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने काम पैचो पसलले गरेको छ । 'बसे पनि सहर, गाउँकै खाने रहर' भन्ने नारालाई आत्मसाथ गर्दै अगाडि बढेको पैचो पसलले नेपालका प्रमुख सहरमा मात्र होइन अमेरिका, जापान लगायतका मुलुकसम्म आफनो व्यापार विस्तार गरेको छ । प्रस्तुत छ, नेपालको पहाडी र उच्च हिमाली भू-भागमा उत्पादन हुने कृषिजन्य उत्पादनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमै छुट्टै पहिचान बनाउन सफल पैचो पसल प्रालिका प्रबन्ध निर्देशक ध्रुव न्यौपानेसँग मध्यान्हका छबि सापकोटाले गरेको कुराकानी ।

**ध्रुव न्यौपाने**
**प्रबन्ध निर्देशक, पैचो पसल प्रा.लि.**

**ग्रामीण अर्थतन्त्रलाई स्थापित गरिरहेको पैचोले पसलले कृषकसँग पछिल्लो समय कसरी काम गरिरहेको छ ?**

पैचो पसलको सुरुवात लुम्बिनी प्रदेशको गुल्मीबाट भएको हो । पैचो पसल अहिले गुल्मी, पाल्पा, अर्घाखाँची, बागलुङदेखि रोल्पा, रुकुम, सल्यान, जुम्ला, कालिकोट लगायतका जिल्लाका किसानसँग विगत ९ वर्ष देखि सहकार्य गरेर अगाडि बढेको छ । हामीले नेपालको ग्रामीण कृषि अर्थतन्त्रलाई कसरी बचाउने र ग्रामीण मौलिक स्वादलाई सहर बजारसम्म पुऱ्याउने ध्येयका साथ काम गरिरहेका छौं । पैचो पसल अहिले २० हजार घरधुरी र एक लाख जनसंख्यामा प्रत्यक्ष रुपमा जोडिएको छ । जसले ग्रामीण अर्थतन्त्रको आर्थिक अवस्थामामा सुधार महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । हामीले कृषि उत्पादनहरुको उपयोगितालाई प्रमुखता दिएका छौं । ग्रामीण क्षेत्रबाट निस्केका हाम्रा कृषि उपजहरु नेपालका अधिकांश सहरसम्म पुऱ्याउने काम निरन्तर छ । यस्तै दुई वर्ष अघि नेपाल बाहिर अमेरिका र अहिले जापानसम्म पैचोले उत्पादन गर्ने उपभोग्य वस्तु बजारीकरण भएको छ । नेपाल आएको बेला नेपालीले आफ्नो देशको चिनोको रुपमा पैचोका उत्पादन विश्वभरी नै पुऱ्याउनु भएको छ ।

**पहाडी भू-भागमा काम गर्ने मानिस नभएर उत्पादनयोग्य जमिन बाँझो भइरहेको अवस्था छ । यस्तो बेलामा पैचोको लागि कृषिजन्य उत्पादन कसरी जुटाइरहेको छ ?**

हाम्रोमा परम्परागत खेती गरेकै कारण जीवन धान्न कठिन भएपछि पहाडी जमिनबाट राम्रो प्रतिफल लिन सकिएको छैन । तर, अहिले पैचोले सामूहिक उत्पादनदेखि कृषकले उत्पादन गरेका कृषि उपज सिधै किनेर उपभोक्तामा पुऱ्याउने काम गरेको छ । जसले लगनशील भएर काम गर्नुभएको छ राम्रो आम्दानी गर्न सक्ने अवस्था छ । काम गर्ने कृषकलाई हामीले समेत सहयोग गरेका छौं । अहिले पहाडमा धान रोपर खान पनि नपुग्ने भएपछि मानिसहरु खेती गर्न छोडेर बसाईंसराइ गरेको देखिन्छ । तर, त्यहाँ खाद्यान्न भन्दा फलफूल र तरकारी उत्पादन गर्नेका लागि त्यो जमिनले राम्रो आम्दानी दिने गरेको छ । पैचो पसलले कृषि उपज प्रत्यक्ष खरिद गर्ने गरेकोले हाम्रो कारणले ग्रामीण अर्थतन्त्रमा केही भएपनि आशा जगाउने काम भएको छ । काम गरे नेपालमै हुन्छ भन्ने कृषकले भन्न थालेका छन् । पैचोले आफनो कारोबार गरेको स्थानमा आर्थिक सजह भएको हुँदा गाउँ मै मुहार फेर्ने काम भएको छ ।

**कृषिबाट नेपाली ग्रामीण अर्थतन्त्रलाई सहरसँग जोड्न कति सहज देख्नुहुन्छ ?**

अहिले हामीले नेपालमा कृषि उत्पादन भएन भनेर बाहिरबाट किनेर ल्याइरहेका छौं । नेपालमा केही पनि छैन भन्ने आमधारणा बन्दै गएको छ । तर, राम्रा उत्पादनलाई हामीले सही सदुपयोग गर्न नजान्दा समस्या भएको हो । ग्रामीण क्षेत्रमा उत्पादन बढाउने र सही सदुपयोग गर्ने हो भने नेपालमा बाहिरबाट कृषिजन्य उत्पादन ल्याउनै पर्दैन ।

उत्पादन भयो तर, बजारसम्म पुग्न नसक्दा समस्या भएको हो । ग्रामीण क्षेत्रको उत्पादन उपभोक्ताले किन्न पाएनन् बेच्नेले बेच्न पाएनन् । यो अवस्थालाई मध्यनजर गर्दै पैचोको अवधारणा बनेको हो । हाम्रो क्षेत्रमा अब जसले जति उत्पादन गरेपनि बजारको समस्याको समाधान पैचोले गर्छ भनेर हामीले कृषकलाई ढुक्क बनाएका छौं । त्यसैले पनि हाम्रो ग्रामीण क्षेत्रको उत्पादन अहिले सहरबजारमा मात्र होइन विदेशतर्फको निर्यात समेत अगाडि बढेको छ ।

यहाँ अझै ठूलो क्षेत्रमा गएर काम गर्ने र देशभर पैचोको मोडललाई लैजान सक्ने हो भने दुई वर्षमै कृषिमा मुहार फेर्न सकिन्छ । नेपालमा कृषि कर्म गर्ने जो केही आत्मनिर्भर हुनसक्छन् भन्ने मेरो विश्वास छ । हामीले कृषिको सप्लाई चेन म्यानेजमेन्ट, उत्पादक र उपाभोक्ताबीचमा लिंक गर्ने काम अहिले पैचोले गरिरहेको छ । हामीले प्रत्यक्ष तरकारी किनेर र प्रशोधन उद्योगबाट उत्पादन गरिरहेको छौं । हामीले उत्पादन गर्ने गुद्रुक, चुक, मस्यौरा, विभिन्न स्वादका अचार, कोदो, मकै, फापर लगायतको पिठोको माग पुऱ्याउन समेत गाह्रो छ । ग्रामिण अर्थतन्त्रको लागि आइडल भएर काम गरिरहेको छौं । अबको अर्थतन्त्रमा सहर र ग्रामीण क्षेत्रलाई जोड्ने हो भने कृषि उपजलाई नै प्राथामिकता दिनुपर्छ ।

**पैचोको उत्पादन उपभोक्ताले किन रोज्ने ?**

पैचो खाद्य उद्योग हो । खाद्यान्न भनेको सबै भन्दा पहिले खाइसकेपछि शरिरलाई शक्ति दिनुपऱ्यो । जिब्रोलाई स्वाद हुनुपर्ने र स्वास्थ्यलाई कुनै हानी गर्न भएन । हामीले यी कुरामा विशेष ध्यान दिएर उत्पादन गरेका छौं । हाम्रा उत्पादन नेपालका ग्रामीण भेगका किसानहरुको उत्पादनबाट आएको हो । उपभोक्ताले सहर बसेपनि गाउँकै खानेकुरा खान सक्ने भएका छन् । पैचोका उत्पादनमा पाइने भनेको टिपिकल ग्रामीण स्वाद नै हो ।



बसे पनि शहर, गाउँकै खाने रहर

**के नेपाली उत्पादनले विदेशी आयात हुने वस्तुसँग प्रतिस्पर्धा गर्न सक्छन् ?**

हामीले पहाडी र उच्च पहाडी भू-गागमा उत्पादन हुने कृषि उपजलाई बजारीकरण गर्ने हो भने नेपाल अर्गानिक उत्पादनको हब बन्ने सक्छ । अर्गानिक उत्पादन हाम्रो देशमा मात्र पाइने भनेपछि विश्वभर ब्राण्डिङ आफैं हुन्छ । अब यसलाई कसरी मार्केटिङ र ब्राण्डिङ गर्ने मात्र बाँकी छ । हाम्रो उत्पादनलाई सुरक्षित रुपमा लामो समय टिकाउने हो भने नेपाली उत्पादन मूल्यवान वस्तु बन्न सक्छ । हामीकहाँ प्राकृतिक रुपमा अर्गानिक उत्पादन हुन्छ । पैचोको उत्पादन बोटलिङ र प्याकेजिङ गर्ने विधी विदेशी कम्पनी भन्दा कम छैन । पैचोका उत्पादनले अन्तर्राष्ट्रिय गुणस्तर मान्यता प्रमाणपत्र, डब्लुएचओ-जीएमपी र एचएसीसीपी प्राप्त गरेको छ । त्यसैले राम्रो गर्ने हो भने नेपालबाट निर्यात गरेरै राम्रो आम्दानी गर्न सकिन्छ ।

अर्को नेपाली स्थानीय स्वादले सजिलै विदेशी उत्पादनसँग प्रतिस्पर्धा र गुणस्तर समेत दिन सक्छन भनेर पैचोले प्रमाणित गरेको छ । पैचोले अमेरिका र जापानमा समेत त्यहाँका कम्पनीसँग सहकार्य गरेर विदेशसम्म पुऱ्याउने काम गरिरहेको छ । हामीले नेपालको कृषि भूमिलाई व्यावसायिक रुपमा व्यवस्थित गर्ने हो भने विदेशमा हाम्रो उत्पादनको माग धान्न नसक्ने अवस्था आउन सक्छ । हामी पनि विदेशी कम्पनीका उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्षम बनेको पनि छौं ।

**नेपाली उत्पादन विदेश निर्यात गर्न कति सहज छ ?**

अहिले ठूलो मात्रामा नेपालबाट निर्यात गर्ने प्रणाली नै छैन । निर्यात गर्न महँगो छ । विश्वबजारसँग जोडिएका विश्वभर सामग्री पुऱ्याउने स्टेक होल्डर छन् उनीहरुसँग नेपाली उद्योगहरुको कनेक्सन राम्रोसँग हुन सकिरहेको छैन । हामी आफैँलाई सानो देश सम्झन्छौं, भुपरिवेष्ठित देश भन्छौ । दुई ठूला छिमेकीको बीचमा नेपाल हुँदासमेत उद्योग सञ्चालन गर्ने डर हामीमा छ तर, हामीले आँट गर्ने हो भने नसक्ने भन्ने छैन । कुल जनसंख्याको ३३ प्रतिशत मानिस नेपालको वरिपरी नै छन । युरोपको सामग्री यहाँ आउन सक्छ भने नेपालको सामग्री पुऱ्याउन सकिँदैन भन्ने हुँदैन । तर, काम त गर्नुपर्ने हुन्छ । हामीले दुई वर्ष अघि अमेरिकामा समेत निर्यात शुरु गरेका छौं, अहिले जापानसम्म पैचोको उत्पादन पुऱ्याएका छौं । माग बढ्दो छ । विदेशमा बस्ने नेपाली व्यवसायी साझेदारको सहकार्यमा सामग्री निर्यात भइरहेको छ ।

**पैचोले उत्पादन गर्नेमध्ये कस्ता वस्तुका माग बढी छ ?**

स्वदेशको सहरमा र विदेशमा बस्ने नेपालीहरुमा अहिले पनि ग्रामीण क्षेत्रको उत्पादनमा मोह देखिन्छ । गुन्द्रुक, चुक, टिम्मुर, आँप, लप्सी लगायतको अचार, फापर, मकै, कोदोको पिठो लगायत ग्रामीण क्षेत्रमा उत्पादन हुने कृषि उपचको माग छ । नेपाल आउने विदेशीले नेपाली परिकार के भन्दा खुवाउने परिकार छैन । विदेशको मकै हामीले पपकर्नको रुपमा खाएको छौं । नेपालको अर्गानिक मकै वस्तुभाउलाई खुवाइरहेका छौं । यस्तो अवस्थाको बीचमा पैचोले गाउँ चिनाइरहेको छ । गाँउलाई सहर र सहरलाई गाँउ चिनाउने काम पैचोले गरेको छ ।

## डिजिटल ठमेल निर्माणलाई अगाडि बढाइने



**काठमाडौं/मस** – मुलुकको संघी राजधानी काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेललाई 'डिजिटल ठमेल'का रुपमा अगाडि बढाइने भएको छ । ठमेल पर्यटन विकास परिषद्को यही असार ३१ गते हुन लागेको निर्वाचनको पूर्वसन्ध्यामा अध्यक्षका प्रत्यासी भविश्वर शर्मा समूहको 'उम्मेदवार परिचयात्मक' कार्यक्रममा अध्यक्षका उम्मेदवार शर्माले ठमेललाई डिजिटल रुपमा अगाडि बढाउन आफूले अध्यक्षमा उम्मेदवारी दिएको बताए ।

'हामीले स्थानीय सरकारसँगको सहकार्यमा ठमेलभित्रका देखिएका समस्या समाधान गरे पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा परिचित ठमेललाई प्रविधिको विकाससँग जोड्न नसकेकाले डिजिटल ठमेललाई प्राथमिकतामा राखेका छौं', उनले भने । अध्यक्ष शर्माले आफू निर्वाचित भएर डिजिटल ठमेललाई पहिलो प्राथमिकतामा राखी पर्यटन विकास परिषद्को आफ्नो वेबसाइटमार्फत् सम्पूर्ण व्यवसायी तथा घरधनीको तथ्यांक संकलन गरी स्वदेशी तथा विदेशी पर्यटकले आफूलाई चाहिने जानकारी सहजै प्राप्त गर्नसक्ने बनाउन लागिएको बताए । ठमेललाई विशेष पर्यटकीय क्षेत्र घोषणा गरिने, शान्ति सुरक्षालाई व्यवस्थापन गरिने, ट्राफिक तथा फोहर व्यवस्थापन, तार तथा सडकबत्ती व्यवस्थापन, घरबेटी र व्यवसायीबीच सुमधुर सम्बन्ध राखिने उनले बताए ।

अध्यक्षका अर्का उम्मेदवार धुव्र अधिकारीले विगत कार्यसमितिले अगाडि सारेका सकारात्मक योजनालाई पूरा गर्न आफूले उम्मेदवारी दिन लागेको बताए । उनले व्यवस्थित ठमेल निर्माणका लागि यहाँभित्रका घरबेटी र व्यवसायीबीच सहकार्य गरेर अगाडि बढ्ने उल्लेख गरे । सफा, सुन्दर र सुरक्षित ठमेल आफ्नो संकल्प भएको अधिकारीले बताए । उक्त निर्वाचनमा दुवै समूहबाट उपाध्यक्ष पदका लागि सहदेव (विमल) धमला, राजीव पाण्डे, चेतनाथ पुडासैनी र श्रीकृष्ण थपलिया, महासचिवमा बद्रीप्रसाद तिमल्सिना र सोजेशमान मालाकारले उम्मेदवारी दिएका छन् । सचिवमा पुण्यराम लागेजु र दिलीप (मिलन) कँडेल, कोषाध्यक्षमा प्रकाश थपलियाको उम्मेदवारी परेको छ ।

सदस्यमा कोपिला सिंखडा, रोशन अधिकारी, कुमार नेपाली, पूर्णप्रसाद चौलागाईं, विनोद श्रेष्ठ, अमृत थोकर (लामा), सानुकाजी महर्जन, रमेश विश्वकर्मा, रञ्जयमान प्रधान, नवीन तामाङ, सुदर्शन खनाल, जनकसिंह तामाङ, बद्रीप्रसाद अर्याल र लालबाबु चौधरीको उम्मेदवारी परेको निर्वाचन अधिकृत उमादेवी प्रसाईंले जानकारी दिए । परिषद्को २९औं साधारणसभा तथा निर्वाचनका लागि एक हजार एक सय ९३ जनाले मताधिकार प्रयोग गर्न पाउनेछन् ।

## पूर्वपश्चिम राजमार्गका खाल्डाखुल्डी पुर्दै ट्राफिक प्रहरी




**सिरहा/रासस** - लगातारको वर्षापछि पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत सिरहाखण्डमा परेका खाल्डाखुल्डी पुर्न थालिएको छ । ट्राफिक प्रहरी कार्यालयले सडक डिभिजन कार्यालय र चाइना रेल्वे कम्पनीसँगको समन्वयमा खाल्डाखुल्डी पुर्न थालेको हो । ट्राफिक प्रहरी कार्यालय प्रमुख डम्बरबहादुर पुरी सम्भावित दुर्घटना रोक्न सडक न्यूनीकरणका लागि शुक्रबारदेखि चोहर्वा–सिरहा खण्डबाट खाल्डाखुल्डी पुर्न सुरु गरिएको जानकारी दिए । उनले आज पनि उक्त कार्यलाई निरन्तरता दिएको बताए ।

सडकमा परेका खाल्डाखुल्डीले सवारी आवागमनमा समस्या भएकाले खाल्डाखुल्डी पुर्ने र सडकमा छरिएका गिट्टी, बालुवासमेत हटाउने काम गरेको उनको भनाइ छ । 'लगातारको वर्षापछि सडकमा ठूला खाल्डाखुल्डी परेका छन्, यसले सवारी आवागमनमा समस्या भएको छ', ट्राफिक प्रमुख पुरीले भने, 'सडक डिभिजन र निर्माण कम्मनी चाइना रेल वे कम्पनीसँग समन्वय गरी ग्राभेल हाल्ने र जोखियुक्त ठाउँमा भएका बालुवा तथा गिट्टी हटाउने काम भइरहेको छ ।' चाइना रेल्वे कम्पनीले पूर्वपश्चिम राजमार्ग स्तरोन्नति र विस्तारको काम गरिरहेको छ ।

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रू. २२००/- | रू. २२००/- |
| भित्री पृष्ठ | रू. १७००/- | रू. १४००/- |
| अन्तिम पृष्ठ | रू. १८००/- | रू. १८००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रू. ५०००/- | रू. २५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रू. ३०/- |

**ज्याकेट २ पेज रू. १५,00,000/-**

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२६३६६, ५३२८२९८
इमेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com
वेबसाइट: www.madhyanhadaily.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**